# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone : 4262381
4262415
4262417
4262958
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


च.नं.:–

मिति:– २०७०।१२।७

विषय:– **आर्थिक वर्ष २०६९।७० को अन्तिम लेखापरीक्षण प्रतिवेदन ।**

श्री स्थानीय विकास अधिकारीज्यू,
जिल्ला विकास समितिको कार्यालय, बाँके ।

१. **लेखापरीक्षण** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२(२) को व्यवस्था अनुसार कार्यालयको आर्थिक वर्ष २०६९।७० को विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य कारोबारको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । त्यस कार्यालयको लेखापरीक्षणबाट देखिएका व्यहोराहरुका सम्बन्धमा कार्यालयका पदाधिकारीहरुसंग मिति २०७०।१०।२६ मा छलफल गरी कायम हुन आएका व्यहोराहरु समावेश गरी २०७०।१०।२७ मा प्रारम्भिक प्रतिवेदन पठाइएकोमा मिति २०७०।११।२३ मा प्राप्त कार्यालयको जवाफ समेतका आधारमा कायम भएका व्यहोराहरु समावेश गरी अन्तिम प्रतिवेदन प्रेषित गरिएको छ ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी** – कार्यालयको वित्तीय विवरण तयार गर्ने र पर्याप्त खुलासा सहित सो प्रस्तुत गर्ने जिम्मेवारी स्थानीय विकास अधिकारीको रहेको छ । पर्याप्त लेखा अभिलेख राख्ने, वित्तीय विवरण, जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुतीकरण गर्ने र कार्यालयको सम्पत्तिको संरक्षण र परिचालन गर्ने दायित्व व्यवस्थापनको रहेको छ ।

३. **लेखापरीक्षकको जिम्मेवारी** – प्रचलित ऐन, कानून, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इण्टोसाई) को आधारभूत लेखापरीक्षण सिद्धान्त, सरकारी लेखापरीक्षण मान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरी प्रतिवेदन जारी गर्नु लेखापरीक्षकको जिम्मेवारी रहेको छ । व्यावसायीक आचारसंहिताको पालना गरी वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुत भएको छ भनी आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी जोखिमका आधारमा तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने जिम्मेवारी रहेको छ ।

४. **लेखापरीक्षणको उद्देश्य** – विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबार समेतको वित्तीय विवरणको लेखापरीक्षण गरी पर्याप्त र उचित प्रमाणका आधारमा कानूनको पालना भए नभएको र वित्तीय विवरणको प्रस्तुती यथार्थ रहे नरहेको विश्लेषण गरी सुझाउ सहितको प्रतिवेदन दिनु लेखापरीक्षणको उद्देश्य रहेको थियो ।

५. **लेखापरीक्षणको क्षेत्र** – जिल्ला विकास समितिको कार्यालयमा प्राप्त विनियोजित रकम, राजस्व, धरौटी, कोष र अन्य आयको आर्थिक कारोबार, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन लगायत २०६९।७० का क्रियाकलापलाई लेखापरीक्षणको क्षेत्रमा समाविष्ट गरिएको थियो ।

६. **लेखापरीक्षणको पद्धति र सीमा** – कार्यालयले सञ्चालन गरेका कार्यक्रम तथा आर्थिक कारोबारको जोखिमको आधारमा परीक्षण, स्थलगत अवलोकन, छलफल सहित पद्धतिमूलक लेखापरीक्षण प्रणालीलाई अवलम्बन गरिएको थियो ।

लेखापरीक्षण, लेखा र आन्तरिक नियन्त्रणका अन्तरनिहित सीमितता तथा लेखापरीक्षणको प्रकृतिका कारण केही उल्लेखनीय त्रुटीहरु पत्ता नलाग्ने अवस्था भने विद्यमान रहने हुन्छ ।

७. **कार्यालयका जिम्मेवार पदाधिकारी**

कार्यालय प्रमुख:– स्था.वि.अ.श्री विश्वराज डोटेल/श्री ज्ञानेन्द्र प्रसाद ढकाल

लेखा प्रमुख:– लेखा अधिकृत श्री प्रकाश आचार्य

८. **आय–व्यय सारांस –** (विस्तृत विवरण अनुसूची–१ मा संलग्न छ ।)

(रु.हजारमा)

| गत वर्षको जिम्मेवारी | यस वर्षको विनियोजन | आन्तरिक आय | अन्य | जम्मा | विनियोजनबाट खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|
| १११२०३ | २४४७७० | ४५२६९ | २३३२८३ | ६३४५२५ | २४४७७० | २६७९४१ | ५१२७११ | १२१८१४ |

९. **बेरुजूको व्यहोराहरुको अवस्था**

| प्रारम्भिक प्रतिवेदन | | | जवाफबाट हटेको | | | जवाफ समेतका आधारमा कायम बेरुजू | | | बेरुजू बर्गीकरण (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सैद्धान्तिक दफा | लगती दफा | रकम | सैद्धान्तिक दफा | लगती दफा | रकम | सैद्धान्तिक दफा | लगती दफा | रकम | असुल गर्नुपर्ने | अनियमित | पेश्की | | |
| | | | | | | | | | | | कर्मचारी | अन्य | जम्मा |
| ३७ | ३४ | १४६७९९ | १ | ६ | ४८७८८ | ३६ | २८ | ९८०११ | २५१८ | १०००८ | १४८७ | ८३९९८ | ८५४८५ |

१०. **बेरुजू फछ्र्यौट र सम्परीक्षण –** कार्यालयबाट पेश भएका गत विगतका बेरुजूमध्ये कार्यालयबाट फछ्र्यौट भई सम्परीक्षणका लागि पेश भएको रु.१ करोड ८८ लाख १९ हजारमा रु.१ करोड ८८ लाख १९ हजार लगत कट्टा गरी फछ्र्यौटको जानकारी पठाइएको छ । साथै यो वर्षको मिति २०७०।१०।२७ मा उपलब्ध गराइएको प्रारम्भिक प्रतिवेदनमा उल्लेखित फछ्र्यौट गर्न बाँकी व्यहोराका सम्बन्धमा समेत ऐन नियममा भएका व्यवस्था बमोजिम फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश गर्नुहुन समेत अनुरोध गरिन्छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोरा

११. **बैंक मौज्दात**: स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिको आफ्नो आम्दानीको रकम आगामी आ.व.लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले आ.व.को अन्त्यमा स्रेस्ता अनुसार रु.१२१,८१४,०६९.४९ मौज्दात देखाएकोमा बैंक अनुसार रु.१६,८३,०३,४५०।०३ रहेको प्रस्तुत बैक प्रमाणहरुबाट देखिन्छ । माथि उल्लेखित आय–व्यय विवरणमा मौज्दात देखिएको रकमको निम्नानुसार २०७० अषाढ मसान्तमा बैक मौज्दात रहेको विवरण पेश हुन आएको छ । बैंक खातामा रहेको मौज्दात विवरण यस प्रकार छ :-

| सि.नं. | खाता नं. | मौज्दात रकम |
|---|---|---|
| १ | २१०४७०१-००१-०४१-५२४ | - |
| २ | २१०४७०१-००१-०४२-५२४ | १००००० |
| ३ | २१०४७०१-००१-०४३-५२४ | ५९७८७६०४.२४ |
| ४ | २१०४७०१-००१-०४४-५२४ | ६२८५३०४९.६६ |
| ५ | २१०४७०१-००१-०२१-५२४ | ८०५४०७८.६१ |
| ६ | २१०४७०१-००१-०२२-५२४ | ८३६३८१०.१३ |
| ७ | २१०४७०१-००१-०३१-५२४ | १५७०९७४९.३३ |
| ८ | २१०४७०१-००१-०५५-५२४ | ४८६०८.४९ |
| ९ | २१०४७०१-००१-०५४-५२४ | ७७०००.०० |
| १० | २१०४७०१-००१-५२०-५२४ | ४९१६७०३.३० |
| ११ | २१०४७०१-००१-०५८-५२४ | २०००००.०० |
| १२ | २१०४७०१-००१-०५१-५२४ | १५७५५.०० |
| १३ | २१०४७०१-००१-०५०-५२४ | १०००००.०० |
| १४ | २१०४७०१-००१-५०१-५२४ | १०००००.०० |
| १५ | २१०४७०१-००१-०५६-५२४ | २०००००.०० |

| सि.नं. | खाता नं. | मौज्दात रकम |
|---|---|---|
| १६ | २१०४८०७-००१-०५६-५२४ | ५०४६३.८९ |
| १७ | २१०४८०७-००१-४७१-५२४ | - |
| १८ | २१०४८०७-००१-४७३-५२४ | ३९२.३४ |
| १९ | ०७०३००३६६२८२०१८ | ८२१५१६.९९ |
| २० | १९३५२४०००५०६ | १९०२०७.७८ |
| २१ | २०४११६८२५०५२४००१ | ६७१४५१०.२७ |
| **जम्मा** | | **१६८३०३४५०।०३** |

जिल्ला विकास समितिले यसरी बढी बैंक मौज्दात देखाएकोमा बैंक समायोजन हिसाब तयार नगरी लेखा अद्यावधिक गर्नुनै मुख्य कारण रहेको पाइन्छ । यसरी बैंक समायोजन हिसाब तयार नगरी फरक मौज्दात देखाउनाले आर्थिक अभिलेख सारपूर्ण नहुने अवस्था रहन्छ । कार्यालयको स्रेस्ता अनुसार आर्थिक वर्षको अन्त्यमा रु.१,२१,८१४,०६९.४९ मौज्दात बांकी देखाएकोमा पेश भएको बैंक मौज्दात विवरण अनुसार रु. १६,८३,०३,४५०।०३ मौज्दात देखिएकोले रु.४,६४,८९,३८०।५४ बढी बैंक मौज्दात रहेको रकम सम्बन्धमा बैंक समायोजन हिसाब तयार गरी बढी देखिएको रकम आम्दानी बांधी स्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।

**कार्यालयको जवाफ** – बैंक समायोजन तयार गरी प्रतिक्रियाबाट हटाई बाँकी रु.६१,६००।– मात्र बेरुजू कायम गरेको जनाएको छ ।

११.१. **पेश्की बाँकी**: कार्यालयबाट पेश भएको विवरण अनुसार गतवर्ष सम्मको कोष तर्फको पेश्की रु.१,५३,१३,३९५।२५ जिम्मेवारी सारेकोमा यो वर्ष रु.२९,५५,१३०।७३ फछ्र्यौट गरी रु.१,२३,५८,२६४।५२– पेश्की रहेकोमा रु.३७,००,६९१।– थप भई जम्मा पेश्की रु.१,६०,५८,९५५।५२ कायम रहेको छ । त्यस्तै केन्द्रतर्फको गतवर्ष सम्मको पेश्की रु. २,५८,१४,१८९।७४ जिम्मेवारी सारेकोमा योवर्ष रु.१,८६,८६,५१६।७४ फछ्र्यौट गरी रु.७१,२७,६७३।– पेश्की बांकी देखाएकोमा यसवर्ष रु.८,१७,८४,६५४।– थप भई रु.८,८९,१२,३२७।– पेश्की कायम भई कार्यालयको कूल पेश्की रु.१०,४९,७१,२८२।५२ कायम भएको छ । जिम्मेवारी सार्दा कोष तर्फको रु.९१,६१,६१०।६३ घटी जिम्मेवारी सारेको र केन्द्र तर्फ रु.९१,६१,६१०।६३ बढी जिम्मेवारी देखाएको छ । कोष र केन्द्र तर्फको पेश्की अभिलेख दुरुस्त नभएको कारण हिसाव अद्यावधिक देखिंदैन । अत: कोष र केन्द्रको घटी बढी जिम्मेवारी सारेको अभिलेख अद्यावधिक हुनुपर्दछ ।

**कार्यालयको जवाफ** – सम्बन्धित शीर्षकमा जिम्मेवारी रकमलाई अद्यावधिक गरिने छ ।

११.२. **बढी पेश्की**: स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)(ग) मा प्राविधिकले लागत अनुमान गर्दा जनसहभागिताको अंश समेत किटानीसाथ उल्लेख गर्नुपर्ने, त्यस्तो लागत अनुमानको रकममा मू.अ.कर, शिरोभार तथा कन्टेन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरी उपभोक्ता समितिलाई काम दिनुपर्नेछ । यसरी काम दिएपछी कामको प्रकृती हेरी खर्च वापत अग्रिम रुपमा कार्यतालिका प्राप्त गरी सोको आधारमा सामान्यतया एक तिहाई रकमसम्म पेश्की दिन सकिने व्यवथा छ । कार्यालयले उक्त नियमको प्रावधान विपरित जि.वि.स. अनुदान बजेट शिर्षकवाट निम्न योजना उपभोक्ता समितिहरुवाट कार्यान्वयन गराएकोमा उपभोक्ता समितिवाट अग्रिम कार्यतालिका समेत नलिई एक तिहाईभन्दा बढी पेश्की दिएको पाईयो ।

| योजनाको नाम | लागत अनुमान | जि.वि.स. अनुदान | उ.स. योगदान | भौ.नं.मिति | पेश्की रकम | पेश्की रकम प्रतिशत |
|---|---|---|---|---|---|---|
| सिरहवा नालामा कल्भर्ट निर्माण | ११,११,८७३/- | ९,७०,८७३/- | १४१,०००/- | २११-०७०/२/१ | ५८२,५२३/- | ६० |
| परसपुर नदईगाउं साईगाउं बाटो निर्माण | १२,१८,५७६/- | ९,७०,०००/- | २,४८,५७६/- | २७९-०७०/३/१८ | ४००,०००/- | ४१.२४ |
| नदईगाउं साईगाउं बाटो निर्माण | १२,१८,५७६/- | ९,७०,०००/- | २,८६,७७३/- | २८०-०७०/३/१८ | ४००,०००/ | ४१.२४ |
| परसपुर बेलभार राधापुर बाटो निर्माण | १२,५६,७७३/- | ९,७०,०००/- | २,८६,७७३/- | २८१-०७०/३/१८ | ४००,०००/ | ४१.२४ |

उल्लेखित योजनाहरु एक तिहाई भन्दा बढी पेश्की दिने र पेश्की दिंदा कार्यतालिका समेत नलिनुमा नियमावलीमा भएको व्यवस्था पालना गर्नेतर्फ ध्यान नदिनुनै प्रमुख कारण देखिन्छ । जसले गर्दा सम्झौतामा

उल्लेखित समयभित्र कार्य नहुने तथा लामो समयसम्म पेश्की रहने अवस्था सिर्जना हुनुका साथै नियमावलीको नियम कार्यान्वयन गराउन सम्बन्धित निकाय उदासिन रहने अवस्था सिर्जना हुन्छ । अत: कार्यालयले निमायवलीले तोके अनुसार कार्यतालिका लिई एक तिहाईभन्दा बढी ननाध्ने गरी पेश्की दिने प्रणालीको विकास गर्नु जरुरी छ ।

**कार्यालयको जवाफ** – लागत अनुमानको एक तिहाईमा नबढ्ने गरी पेश्की उपलब्ध गराएको जनाएको छ ।

कार्यालयले नियमको पालना गरी पेश्की दिनुपर्दछ ।

११.३. **पेश्की फछ्र्यौटः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२(१) मा पेश्की लिनु पर्दा कामको निमित्त के कट्टी रकम चाहिने सो को विवरण पेश गर्नु पर्ने, नियम १८२(२) मा अधिकार प्राप्त अधिकारीले सम्वन्धित कामको लागि आवश्यक पर्नेभन्दा वढी नहुने गरी पेश्की लिने कर्मचारीको हकमा पद र प्रयोजन तथा गैर कर्मचारीको हकमा त्यस्तो व्यक्तिको तीन पुस्ते, स्थायी र अस्थायी ठेगाना समेत स्पष्ट लेखी पेश्की दिनुपर्ने, नियम १८२(३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । कार्यालयले नियमावलीको प्रावधान पुरा नगरी निम्न संघ संस्था, व्यक्तिहरुलाई निम्न बजेट शिर्षकका कार्यक्रमहरुबाट निम्नानुसार रु.८,५४,८५,३४५।– पेश्की दिएको पाईयो ।

| पेश्की मिति | पेश्की लिनेको नाम | पेश्की रकम | कार्यक्रमको नाम |
|---|---|---|---|
| २०६९/०४/०१ | कटकुइया | ढण घढण ण /ण ण | सामाजिक सुरक्षा |
| २०६९/०६/१८ | लक्ष्मणपू | ढठड ढण ण /ण ण | |
| २०६९/०६/१८ | कालाफाटा | ढद्ध ज्ञढण ण /ण ण | |
| २०६९/०४/०१ | नरैनापूर | ज्ञछढण छण /ण ण | |
| २०६९/०४/०१ | मटेहीया | ढठद्धढण ण /ण ण | |
| २०६९/०४/०१ | गंगापूर | ढण द्दढण ण /ण ण | |
| २०६९/०६/१८ | फत्तेपूर | घद्ध ज्ञद्धढण ण /ण ण | |
| २०६९/०६/१८ | विनौना | ज्ञज्ञज्ञछढण ण /ण ण | |
| २०६९/०६/१८ | खासकुश्मा | ढढण ढण ण /ण ण | |
| २०६९/०४/०१ | कचनापूर | द्दढण छछण /ण ण | |
| २०६९/०४/०१ | महादेवपूरी | ज्ञघड द्दढण ण /ण ण | |
| २०६९/०४/०१ | बैजापूर | ज्ञढघघढण ण /ण ण | |
| २०६९/०४/०१ | शम्सेरगञ्ज | ज्ञढठण ढण ण /ण ण | |
| २०६९/०४/०१ | कोहलपूर | घड ण ढण ण ण /ण ण | |
| २०६९/०६/१८ | रझेना | घढठढढण ण /ण ण | |
| २०६९/०६/१८ | मनिकापूर | द्दण द्दठड ण ण /ण ण | |
| २०६९/०४/०१ | कम्दी | ज्ञड ढछढण ण /ण ण | |
| २०६९/०४/०१ | गनापूर | ज्ञघण ढढण ण /ण ण | |
| २०६९/०४/०१ | होलीया | ज्ञण ढढण ण ण /ण ण | |
| २०६९/०६/१८ | बेतहनी | ज्ञढठढढण ण /ण ण | |
| २०६९/०४/०१ | बनकट्टि | ज्ञछढण ढण ण /ण ण | |
| २०६९/०४/०१ | उदयपूर | ठड ज्ञघण ण /ण ण | |
| २०६९/०४/०१ | पूरैना | ज्ञज्ञड द्धड ण ण /ण ण | |
| २०६९/०४/०१ | पुरैनी | ड द्धछढण ण /ण ण | |
| २०६९/०४/०१ | खांस कारकादौ | ज्ञघड ड ड ण ण /ण ण | |
| २०६९/०४/०१ | बसदेबपूर | ज्ञज्ञघढढण ण /ण ण | |
| २०६९/०४/०१ | नेपालगञ्ज नगरपालिका | द्दछण ण घछण /ण ण | |
| २०६९/०४/०१ | भवानीयापूर | ड ठढढण ण /ण ण | |
| २०६९/०४/०१ | पिप्रहवा | ड घढढण ण /ण ण | |
| २०६९/०४/०१ | हिरमिनीया | ज्ञढण घढण ण /ण ण | |
| २०६९/०४/०१ | नौवस्ता | द्दढद्दढढण ण /ण ण | |
| २०६९/०६/१८ | चिसापानी | ज्ञद्द घद्धढण ण /ण ण | |
| २०६९/०४/०१ | बनकटवा | घण छठद्धण ण /ण ण | |
| २०६९/०४/०१ | टिटिहिरिया | ज्ञढढद्धढण ण /ण ण | |
| २०६९/०६/१८ | रनियापुर | ज्ञठड ण छण /ण ण | |
| २०६९/०६/१८ | सोनपूर | ज्ञछढद्दढण ण /ण ण | |
| २०६९/०६/१८ | उढरापूर | द्दठछछद्दण ण /ण ण | |
| २०६९/०४/०१ | सितापूर | द्दद्धछद्दढण ण /ण ण | |
| २०६९/०४/०१ | वेलभार | ज्ञज्ञड ड ड ण ण /ण ण | |

| | | | |
|---|---|---|---|
| २०६९/०६/१८ | साइगाउ | ११०१६००.०० | |
| २०६९/०४/०१ | परसपूर | ११४२६००.०० | |
| २०६९/०४/०१ | जैसपूर | ७७०६००.०० | |
| २०६९/०४/०१ | राधापुर | ९८१८००.०० | |
| २०६९/०४/०१ | इन्द्रपूर | २९९२४००.०० | |
| २०६९/०६/१८ | खजूराखूर्द | ११६५२००.०० | |
| २०६९/०६/१८ | बागेश्वरी | ३४४७४००.०० | |
| २०६९/०४/०१ | बेलहरी | १७२१८००.०० | |
| २०६९/०६/१८ | कृषि विकास वैंक, धम्वोभ्री नेगं. | ६०२०८५०.०० | |
| | **जम्मा** | **१९३४४२५०.००** | |
| २०६९-०६-२१ | मानवअधिकार सचेतना | २६३०००.०० | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम |
| २०६९-०६-२१ | प्रयासका पाईलाहरु | २८८०००.०० | |
| २०६९-०६-२१ | बातावरण तथा ग्रामीण | ३९०४००.०० | |
| | **जम्मा** | **९४१४००.००** | |
| २०६९/४/१ | रमपुर्वा भो.पु. नि.उभोस वनकट्टी– ७ | ३९५४०४.०० | भोपु. |
| | **जम्मा** | **३९५४०४.००** | |
| २०७०/१/१७ | एस.के.ईन्जिनियरिंग ईण्डष्ट्रिज, वुटवल | ८७००००.०० | RAIDP |
| | **जम्मा** | **८७००००.००** | |
| २०७०/२/२३ | उपस्वास्थ्य चौकी, रनियांपुर | २०००००.०० | मधेशी मुस्लीम पिछडा वर्ग |
| | **जम्मा** | **२०००००.००** | |
| | **केन्द्र तर्फको जम्मा** | **८१७८४६५४.००** | |
| २०६९/१२/२१ | मानवहादुर खत्री, सवारीचालक | १.०० | जिविस अनुदान |
| २०७०/०१/०५ | जिल्ला खेलकुदविकास समिति,बांके | ५००००.०० | |
| | **जम्मा** | **५०००१.००** | |
| २०६९/६/२४ | रामसुरेश यादव, सवारीचालक | ८०००.०० | जिविस कोष चालु |
| | **जम्मा** | **८०००.००** | |
| २०७०/०३/०९ | चिरञ्जीवी पाण्डे, ना.सु. | ९००००.०० | जिविस कोष पूँजीगत |
| २०६९/०९/०७ | जनता उमावि,सन्तकुटी बागेश्वरी १ | ७५०००.०० | |
| २०७०/०३/३१ | सिरहवानालाकर्ल्भट नि.स.,वसुदेवपुर १ | २९१३५०.०० | |
| | **जम्मा** | **४५६३५०.००** | |
| २०६९/०४/०१ | पुष्पराज श्रेष्ठ, ना.सु. | २४३०५५.०० | कर्मचारी कल्याण कोष सापटी |
| २०६९/०४/०१ | विष्णुप्रसाद शर्मा खरिदार, (१) | ११६६६१.०० | |
| २०६९/०४/०१ | शंकरदयाल मिश्र, ना.सु. | ९५५००.०० | |
| २०६९/०४/०१ | विजयराज पन्त, असई. | ७१०००.०० | |
| २०६९/०४/०१ | रत्नप्रसाद शर्मा, का.स. | १५२४४८.०० | |
| २०६९/०४/०१ | मानवहादुर खत्री, सवारीचालक | १४४०००.०० | |
| २०६९/०४/०१ | रामसुरेश यादव, सवारीचालक | १५६७००.०० | |
| २०६९/०४/०१ | राजकुमार चौधरी, असई. | २४३०५५.०० | |
| २०६९/१२/१९ | दिपकध्वज शाही, अ.स.ई. | १३३२००.०० | |
| | **जम्मा** | **१३५५६१९.००** | |
| २०७०/०३/२५ | म.प.डिभिजन सडक कार्यालय नं.गं. | ६४४८२१.०० | राजश्व बांडफाड, पूंजिगत |
| २०७०/०३/२३ | शिखर कन्स्ट्रक्सन | २६७०००.०० | |
| २०६९/०६/१८ | राज विल्डर्स, ने.गं. | १९४०००.०० | |
| २०७०/०३/२० | जागृति नरेश जे.भी., ने.गं | ४८८०००.०० | |
| | **जम्मा** | **१५९३८२१.००** | |
| २०६९/०६/२६ | नौवस्ता गाविसको कार्यालय, बांके | ६००००.०० | जिआईजे |
| | **जम्मा** | **६००००.००** | |
| २०७०/०१/२९ | शान्ता गौतम, उपकास. | ३२९००.०० | उर्जा वातावरण |
| | **जम्मा** | **३२९००.००** | |
| ४/१/२०७० | राज विल्डर्स, ने.गं. | १४४०००.०० | सक्षम नेपाल |
| **जम्मा** | | **१४४०००.००** | |
| **कोषतर्फको कूल जम्मा:** | | **३७००६९१.००** | |
| **केन्द्र तथा कोष तर्फको कूल जम्मा:** | | **८५४८५३४५.००** | |

ढिलो बजेट खर्च गर्ने अख्तियारी प्राप्त हुने, आर्थिक बर्षको अन्त्यतिर आएर योजना सम्झौता हुने र पेश्की फछ्र्योट नगर्ने व्यक्ति, संघ, संस्थालाई नियमावलीको प्रावधान अनुसार कारवाही नहुनाले तोकिएको समयमा पेश्की फछ्र्योट नगरी आलटाल गर्ने प्रवृत्तिले पेश्की रकममा बृद्धि भएको देखिन्छ । समयमा पेश्की फछ्र्योट नगर्ने प्रवृत्तिले तोकिएको समयमा योजनाहरु सम्पन्न नहुने, लक्षित समयमा काम नगरी सरकारी रकम व्यक्तिले आफ्नो साथमा राखी प्रयोग गर्ने तथा बेरुजुको प्रतिवेदनमा समेत कार्यालयको फछ्र्योट गर्न बांकी पेश्की रकमले ठूलो हिस्सा ओगटेको देखिन्छ । आगामी दिनमा कानूनले तोके अनुसार प्रयोजन र

कारण सहित पेश्की दिने, समयमै फछ्र्योट गर्न ताकेता गर्ने जस्ता उपायहरु अवलम्बन गरी पेश्कीको मात्रा घटाउनेतर्फ सम्बन्धित निकायको ध्यान जानु पर्नाको साथै उल्लेखित पेश्की नियमानुसार फछ्र्योट हुनुपर्दछ ।

**कार्यालयको जवाफ** – पेश्की फछ्र्यौटको लागि पत्राचार भइरहेको जनाएको छ ।

१२. **लक्ष्य तथा प्रगति:** कार्यालयले बार्षिक स्वीकृत बजेट तथा कार्यक्रम चौमासिक कार्यतालिका बनाई सम्पादन गर्नुपर्दछ । लेखापरीक्षणको लागि प्राप्त विवरण अनुसार कार्यालयको लक्ष्य प्रगति निम्नानुसार रहेको पाइयो ।

| क.सं. | कार्यक्रमको नाम | यो वर्ष कुल कार्यक्रम | | वार्षिक प्रगति स्थिति | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | शून्य प्रगति कार्यक्रम | | २५ % सम्म प्रगति भएका कार्यक्रम | | ५० %सम्म प्रगति भएका कार्यक्रम | | ७५ % सम्म प्रगति कार्यक्रम | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | जिविस अनुदान | २९ | १७१०३.६७ | – | – | – | – | १ | १०० | – | – |
| २ | स्थानीय यातायात पूर्वाधार (चा.) | ३ | ३१७१.३ | – | – | – | – | – | – | – | – |
| ३ | स्थानीय यातायात पूर्वाधार (पूंजि.) | २ | १३८९.४१ | १ | – | – | – | – | – | – | – |
| ४ | ग्रामीण खानेपानी | ३ | २४२५ | – | – | – | – | – | – | – | – |
| ५ | स्थानीय पूर्वाधार विकास साना सिचाई | ३ | ७७६ | – | – | – | – | – | – | – | – |
| ६ | झोलुंगे पुल | ६ | ४३६५ | – | – | – | – | – | – | – | – |
| ७ | स्थानीय स्तरका सडकपुल | १ | ६८७२.९ | – | – | – | – | – | – | – | – |
| ८ | ग्रामीण पहुंच सुधार | १६ | १०४०३५.२९ | – | – | – | – | ३ | ५०२० | २ | ८०७९.१ |
| ९ | सडक बोर्ड | ५ | – | १ | ७९८.४ | – | – | – | – | – | – |
| १० | रोयल्टी व्यवस्थापन | ३ | ७४७ | – | – | – | – | – | – | – | – |
| ११ | द्वन्द्व प्रभावित क्षेत्र | ७ | ३०९२.९५ | १ | ६०० | – | – | – | – | – | – |
| १२ | उपेक्षित, उत्पीडित, दलितवर्ग | २ | १६२ | – | – | – | – | – | – | – | – |
| १३ | जनसहभागितामा आधारीत | २ | २००० | – | – | – | – | – | – | – | – |
| १४ | मधेशी, पिछडावर्ग, मुस्लीम | ५ | १२०० | – | – | – | – | – | – | – | – |
| १५ | पिछडिएको तराई मधेश | १ | ४००० | – | – | – | – | – | – | १ | २९०५१.५ |
| १६ | यूवा तथा खेलकुद | ९ | ५९३.७५ | – | – | – | – | – | – | – | – |
| १७ | गूम्बा व्यवस्थापन | ९ | ५९३.७५ | – | – | – | – | – | – | – | – |
| १८ | कवाडीकर | ६ | ४२८३.३४ | – | – | – | – | – | – | – | – |
| १९ | जिविस थप अनुदान | २ | २००० | – | – | – | – | – | – | – | – |
| २० | राजश्व बांडफांड पूंजिगत | १२ | २१५२८.८५ | – | – | – | – | १ | २८८.७ | १ | १०६०.२७ |
| २१ | जिविस कोष, पूंजिगत | ९ | १०१०० | – | – | – | – | २ | ३२५.४ | १ | ६३६.२७ |
| जम्मा | | १३५ | १९०४४०.२१ | ३ | १३९८.४१ | ० | ० | ७ | ५७३४.७ | ५ | ३८८२७.१८ |

उल्लेखित २१ बजेट शिर्षकहरुवाट १३५ वटा योजनाहरु संचालन भएकोमा ३ योजनाहरुको प्रगति शुन्य प्रतिशत रहेको ७ योजनाको प्रगति ५० प्रतिशत सम्म रहेको र ५ योजनाको प्रगति ७५ प्रतिशत कम रहेको पाइयो । स्वीकृत योजनाहरुको लक्ष अनुरुप प्रगति नहनुमा ठेकेदार उपभोक्ता समितिहरुले समयमै काम नगर्नु तथा कार्यालयले समेत प्रभावकारी अनुगमन व्यवस्था गरी ताकेता नगर्नु नै प्रमुख कारण देखिन्छ । जसले गर्दा योजना सम्पन्न भई लाभ प्राप्त गर्ने समुदाय समयमै लाभ प्राप्त गर्ने अवसरवाट बञ्चित रहनुपर्ने अवस्था सिर्जना हुन्छ । अत: स्वीकृत योजनाहरु समयमै सम्पन्न गर्ने तथा सम्पन्न नभएका योजना सम्पन्न गर्ने गराउने सम्बन्धमा सम्बन्धित निकायको ध्यानाकृष्ट हुनु जरुरी छ ।

**कार्यालयको जवाफ** – अख्तियारी ढिला प्राप्त भएकोले कम देखिएकोमा यस वर्षदेखि प्रगति बढाउने जनाएको छ ।

१२.१. **भुक्तानी बांकीको विवरण -** स्थानीय निकाय आ.प्र.नियमावली, २०६४ को नियमको उपनियम १(घ) वमोजिम भुक्तानी हुन बांकीको विवरण प्रमाणीत गरी राख्नुपर्दछ । कार्यालयले उक्त विवरण वेगर निम्नानुसार रु. ११,८७०।– यो वर्ष भुक्तानी गरेको पाइयो ।

| सि.नं. | कार्यक्रमको नाम | योजनाको नाम | भुक्तानी पाउने | भौ.नं./मिति | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | राजश्व बांडपफांड पूंजिगत | सितापुर– ५ कर्ल्भट | – | ८४- ०७०/३/९ | ११८,७०८.०० |

प्राविधिक विल समयमै आर्थिक प्रशासन शाखामा पेश गरी नियमानुसार भुक्तानी बांकी दायीत्व देखाई भुक्तानी नगरेको कारण यसरी भुक्तानी हुन गएको छ । जसले गर्दा कार्यालयको भुक्तानी दायित्व यकिन नहुने हुंदा भुक्तानी बांकी दातीत्व देखाएर मात्र भुक्तानी गर्नुपर्द छ ।

**कार्यालयको जवाफ** – प्राप्त सुझावलाई कार्यान्वयनमा ल्याइने जनाएको छ ।

## १३. खरिद व्यवस्थापन

१३.१. **खरिद योजना:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६२ (५) मा बार्षिक दश लाख भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गर्नु पर्ने उल्लेख छ । यस प्रकारका खरिद योजनामा खरिद गरिने मालसामान, निर्माण कार्य, सेवा र अन्य सेवाको विवरण, खरिदको संभावित प्याकेज, खरिद कार्यवाहीको समय तालिका, खरिद विधि, सम्झौताको किसिम आदि उल्लेख हुनु पर्ने व्यवस्था छ ।

कार्यालयले यसवर्ष खरिद योजना तयार गरे पनि खरिद योजना अनुरुप खरिद गरेको पाईएन । खरिद योजना बमोजिम खरिद नगरेको कारण निर्माण तथा खरिद कार्यको संभावित प्याकेज, खरिद कार्यवाहीको समय तालिका, खरिद विधि, सम्झौताको किसिम निर्धारण गर्ने अवस्था समेत यकिन गर्न सकिने अवस्था छैन । जस अनुसार आवश्यक परिमाण र खरिद विधि छनौट हुन सकेको देखिएन । योजना अनुसरा खरिद नगरिंदा सामानको बढी लागत पर्ने, खरिद मितव्ययी, स्वच्छ, पारदर्शि नरहने अवस्था रहन्छ । आगामी दिनमा सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद अनुगमन ईकाईले स्वीकृत गरेको ढांचामा खरिद योजना तयार गरी सोही अनुसार खरिद गर्ने कार्यलाई प्राथमिकता दिई खरिद प्रक्रियालाई स्वच्छ, पारदर्शी तथा मितव्ययी बनाउन सम्बन्धित निकायको ध्यानाकृष्ट हुनु पर्दछ ।

**कार्यालयको जवाफ** – सुझावलाई आगामी दिनमा कार्यान्वयनमा ल्याइने जनाएको छ ।

१३.२. **ठेक्का व्यवस्थापन:** कार्यालयबाट प्राप्त बोलपत्रमा सहभागिता र लागत कवोल अंकको विवरणमध्ये निम्नानुसाका योजनाहरु बोलपत्रमा सहभागिता र लागत कवोल अंकको स्थिति यस प्रकार छ ।

| ठेक्का संख्या | बोलपत्र बिक्री संख्या | बोलपत्र दाखिला संख्या | बोलपत्र विक्रिको तुलनामा दाखिला प्रतिशत | बोलपत्र फिर्ता संख्या | लागत अनुमान | स्वीकृत रकम | लागत अनुमानको तलुनामा घटी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| बघौडा मुल सडक देखी हुलास पुर्वा दक्षिण बार्डर जाने सडक निर्माण | १० | ३ | ०.३० | ० | ६८०१०७.५३ | ६७३२३१.४ | २.०१ |
| परसपुर–बेलभार–राधापुर | १८ | ३ | ०.१७ | ० | ९६६२५५.९८ | ९५८६०५.३३ | १.७९ |
| जयसपुर–पचपोखरा–साईगाउ सडक नि. | १५ | ३ | ०.२० | ० | ८०७१९०.५५ | ८०२४१३ | १.५९ |
| कालाफांटा वडा नं.४ र ९ बहाउपुर्वा सडक नि. | २१ | ३ | ०.१४ | ० | १८४५१३१.७ | १८४२८८२.५ | १.१२ |
| रझेना ७ र ८ बिचको आयाम नगर बाटो निर्माण | २५ | ३ | ०.१२ | ० | १६२००७१.८ | १६१४८०३.९ | १.३३ |
| कृषि हाट बजार व्यवस्थापनको लागि माटो पटान तथा पशुनश्ल सुधार कक्ष निर्माण | ११ | ३ | ०.२७ | ० | १०४११६१.९ | १०३७०४३.८ | १.४० |
| पशुपति प्रतिक्षालय देखि राष्ट्रिय अनुसन्धान कार्यालय सम्मको सडक नि. | १० | ३ | ०.३० | ० | ७४९०८८.३६ | ७४५२९६.३६ | १.५१ |
| उढरापुर वर्थिंग सेन्टर भवन निर्माण कार्य | ५ | ३ | ०.६० | ० | १२७१८५३ | १२६६६६९.६ | १.४१ |
| कचनापुर देखि कम्दी सम्मको सडक नि. | २५ | ३ | ०.१२ | ० | १८५११५३.२ | १८३९३०१.३ | १.६४ |
| म.रा.म.महादेवपुरी पेडारी सडक मर्मत | ७ | ३ | ०.४३ | ० | १०२८४०७.७ | १०२३२१९.५ | १.५० |
| कटकुईया वडा नं. २,३,४ र ८ स्थित जंगलको छेउमा तटबन्ध | १२ | ३ | ०.२५ | ० | ६८१९३१.२४ | ६७६०७२.२२ | १.८६ |
| उदयपुर वाल विकास भवन निर्माण | ११ | ३ | ०.२७ | ० | ९२६८१५.१४ | ९२४०५८.३८ | १.३० |
| म.रा.म.कचनापुर देखि कम्दी सम्मको सडक | ८ | ३ | ०.३८ | ० | १२३०७२४.८ | १२२८६८२.९ | १.१७ |
| बघौडा पुल मर्मत | ५ | ३ | ०.६० | ० | ६५७३२७.४२ | ६४८८८३.२९ | २.२८ |
| जम्मा | १८३ | ४२ | २२.९५ | ० | १५३५७२२० | १५२८११६४ | |

सार्वजनिक खरिद ऐन २०६३ को दफा २४(ङ) मा दफा २६(६) वमोजिम आपसमा मिलोमतो गरी दाखिला भएको वोलपत्र उपर कारवाही गर्न नहुने व्यवस्था छ । यसै गरी ऐनको दफा २६ (६) मा कुनै वोलपत्र दाताले आपसमा मिलोमतो गरी वोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो वोलपत्र रद्द गर्नु पर्ने व्यवस्था छ । उपर्युक्त आयोजनाको लागि ठेक्का मार्फत कार्य गराएकोमा निम्नानुसार देखियो ।

क) प्राप्त विवरण अनुसार उपर्युक्त १४ योजनाको लागि १८३ वटा वोलपत्र फाराम विक्री भएकोमा ४२ वटा वोलपत्र दाखिला भएको छ । वोलपत्र विक्री र दाखिला भएको संख्या वीच तुलना गर्दा कतिपय योजनामा १२ प्रतिशत मात्र बोलपत्र दाखिला भएको पाईयो भने बिक्रिको तुलनामा दाखिलाको समग्र प्रतिशत २२.९५ प्रतिशत मात्र दाखिला भएको छ । वोलपत्र मूल्याँकन समितिले विक्री भएका सम्पूर्ण वोलपत्र दाखिला हुन नसक्नाको कारण सहित वोलपत्र खरिदकर्ताहरुसंग जानकारी लिई मिलोमतो भए नभएको एकिन गरी मिलोमतो नभएको अवस्थामा मात्र वोलपत्र स्वीकृत गर्नु पर्नेमा सम्वन्धित वोलपत्र खरिदकर्तासंग वोलपत्र पेश नगर्नुको कारण वारे जानकारी समेत नलिई ठेक्का प्रदान गरेको पाईयो । साथै उक्त आयोजनाहरुको बोलपत्र फाराम बिक्रि समेत न्यून रहेको देखिंदा पर्याप्त मात्रामा प्रतिस्पर्धा भएको छ भन्न सकिएन ।

ख) उक्त ठेक्का कार्यहरुको लागत अनुमान र स्वीकृत ठेक अँक वीच तुलना गर्दा लागत अनुमानको तुलनामा १.१२ प्रतिशत देखि २.२८ प्रतिशतसम्म घटि अँकमा कार्य गराएको छ । यसबाट वित्तिय प्रस्तावहरु वीच पनि पर्याप्त प्रतिस्पर्धा भएको छ भनि एकिन गर्न सकिएन । अतः कानुनले निर्दिष्ट गरेको व्यवस्था अनुसार वोलपत्र दातावीच पर्याप्त मात्रामा प्रतिस्पर्धा सुनिश्चित गर्न वोलपत्र दाता वीच मिलोमतो भए नभएको सम्वन्धमा यकिन गरी मिलोमतो नभएको अवस्थामा मात्र वोलपत्र स्वीकृत गरी निर्माण/खरिद कार्य गराउनु पर्ने देखिन्छ ।

**कार्यालयको जवाफ** – बोलपत्र बिक्रीको आधारमा मात्र बोलपत्र कम परेको जनाएको छ ।

१३.३. **ठेक्का बन्दोवस्त:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २०(३) मा बार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउंदा कार्यक्रम सुचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसंग लिनुपर्ने सहयोग र स्वीकृतीवारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्यसमेत प्रथम चौमासिक अवधिमा समाप्त गरीसक्नु पर्ने व्यवस्था छ ।

(रु.हजारमा)

| ठेक्का सम्झौता | | | | | | | | यस वर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | आषाढ महिनाको मात्र | | | |
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| ३० (कोटेशन समेत) | ३८,५६८.२४ | – | – | २८ | २२८३७.१३९ | २ | १४८११.७५२ | - | - |

कार्यालयले उपलव्ध गराएको विवरण अनुसार यस वर्ष कोटेशन समेत ३० ठेक्का बन्दोवस्त भएकोमा २८ ठेक्का तेस्रो चौकासिकमा व्यवस्थापन गरेको पाईयो भने २ ठेक्का आषाढमा मात्र स्वीकृत भएको पाइयो । नियमावलीमा व्यवस्था भए अनुसार प्रथम चौमासिकमा ठेक्का स्वीकृत नहुनुमा स्वीकृत कार्यक्रम तथा बजेट खर्च गर्ने अख्तियारी ढिला प्राप्त हुनुनै देखिन्छ । ढिला ठेक्का स्वीकृत गरिंदा बर्षातको मौसममा काम नहुनुका साथै आर्थिक वर्षको अन्त्यमा ठूलो मात्रामा पेश्की जाने अवस्था सिर्जना हुन्छ । अतः निमायवलीको प्रावधान अनुरुप प्रथम चौमासिक अवधि भित्रै ठेक्का स्वीकृत हुनुपर्दछ ।

**कार्यालयको जवाफ** – अख्तियारी तथा बजेट ढिला प्राप्त भएकोले ठेक्का बन्दोवस्त ढिला भएको जनाएको छ ।

१३.४. **खरिद:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) ख मा तीन लाख रुपैयां सम्म लागत अनुमान भएको मालसामान वा परामर्श सेवा सिधै खरिद गर्न सकिने र नियम १क मा नेपालमा उत्पादीत पन्ध्रलाख रुपैयांसम्मको मालसामान उत्पादकबाट खरिद गर्दा सोझै खरिद गर्न सकिने र नियम १(ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति,फर्म, कम्पनी वा संस्थावाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ । जि.वि.स. अनुदान तथा कोष पूंजीगत शिर्षकवाट कार्यालयले निम्न बजेट शिर्षकवाट एउटै सप्लायर्स पटक पटक खरिद गरी निम्नानुसार भुक्तानी दिएको पाईयो ।

| सप्लायर्सको नाम | बिबरण | खरिद पटक | भुक्तानी रकम |
|---|---|---|---|
| रामदुत स्टेशनर्स | स्टेशनरी सामान खरिद | ४ | ३८५०१७ |
| भगवती फर्निचर उद्योग | फर्निचर लगायतका सामान | २ | ३०२८०२ |

| | | | |
|---|---|---|---|
| सेन्चुरी इन्फोटेक | ल्यापटप लगायतका सामान | २ | १२१००० |
| आई.टि. सोलुशन | ल्यापटप लगायतका सामान | २ | ३४५३३५ |
| राईज नेपाल डेकोर प्रा.लि. | जि.वि.स. हातामा सोलार जडान (लागत अनुमान तयार नगरी खरिद समेत) | | ३९९७५० |
| डांगी स्टिल्स कोहलपुर | होर्डिङ बोर्ड निर्माण तथा आ.ले.प.शाखा पार्टेशन कार्य(लागत अनुमान तयार नगरी खरिद समेत) | २ | २५९३४२ |
| | **जम्मा** | | **१८,१३,२४६/-** |

नियमावलीको प्रावधान विपरित एउटै सप्लायर्सवाट पटक पटक खरिद गरी भुक्तानी गर्नुनै यसको प्रमुख कारण देखिन्छ । जसले गर्दा पटके खरिद गर्ने, प्रतिस्पर्धा सिमित गर्ने उद्देश्यले खरिद गर्ने गराउने गर्दा सेवा तथा मालसामानको लागत बढी पर्न गई सरकारी रकम बढी व्यय हुने तथा व्यवसायीले अनावश्यक नाफा आर्जन गर्ने अवस्था सिर्जना हुन जान्छ । अत: नियमावली तोके अनुसार खरिद योजना बनाई खरिद योजनाले तोके अनुसार प्रतिस्पर्धात्मक तथा मितव्ययी तरिकाले खरिद गर्ने प्रणालीको विकास हुनु पर्दछ ।

**कार्यालयको जवाफ** – खरिद योजना अनुसार सूचना प्रकाशन गरी खरिद गरेको जनाएको छ ।

१३.५. **जनसहभागितामा आधारित कार्यक्रम–** यस कार्यक्रम अर्न्तगत फत्तेपुर गंगापुर मटेहिया सडक निर्माणको लागि रु.१० लाख बजेट विनियोजन भई कार्यालयले २०६९।११।८ मा अख्तियारी प्राप्त गरेको देखिन्छ । कार्यालयले उक्त सडकको लागि रु.१६,४६,८१२।१७ को लागत अनुमान तयार गरी कार्यक्रमवाट रु.९,७०,०८७।३० र उपभोक्ताबाट रु.६,४६,७२४।८७ व्यहोर्ने गरी मिति २०७०।३।२० मा सम्पन्न गर्ने गरी मिति २०७०।२।२६ मा उपभोक्ता समितिका अध्यक्ष श्यामता प्रसाद यादव संग सम्झौता भएको देखिन्छ । सम्झौता पश्चात उक्त योजना कार्यान्वयनमै नआई बजेट फ्रिज गरेको पाईयो । मागमा आधारित योजना नभई केन्द्रवाट अख्तियारी साथ प्राप्त योजना हुनु तथा उपभोक्ता समिति सक्रिय नहुनुनै योजना संचालन हुन नसक्नुको कारण देखिन्छ । जसले गर्दा एकातिर मागमा आधारित योजनाहरुलाई बजेट अपुग हुने तर प्राप्त बजेट योजनानै कार्यान्वयन हुन नसकि फ्रिज जाने अवस्थाको सिर्जना हुने देखिन्छ । अत: मागमा आधारित योजनामा मात्र बजेट विनियोजन गर्ने तथा केन्द्रवाट पहुंचका आधारमा बजेट विनियोजन गर्ने प्रणालीको अन्त्य हुनुपर्दछ ।

**कार्यालयको जवाफ** – प्राप्त सुझावलाई ध्यान दिने जनाएको छ ।

१३.६. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद सम्झौता बमोजिम कार्य शुरु भईसकेपछि प्राविधिक कारणबाट त्यस्तो कार्यको परिमाणमा थप घट गर्न वा नयाँ आईटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा नियम ५४ को अधिनमा रही निर्माण कार्यको ड्रईङ्ग डिजाईन तथा स्पेसिफिकेशन आदि बदल्न नपर्ने तर कामको परिमाण थपघट हुने अवस्थामा सम्झौता मूल्यको पाँच प्रतिशत सम्मको भेरिएसन आदेश प्राविधिक पुष्ट्याई गरी सार्वजनिक निकायको राजपत्रांकित द्वितीय श्रेणीको कार्यालय प्रमुख र निर्माण कार्यको ड्रईङ्ग, डिजाईन तथा स्पेसिफिकेशन आदि बदल्नु पर्ने अवस्था भई वा नभई सम्झौता मूल्यको १० प्रतिशत सम्मको भेरिएसन आदेश प्राविधिक पुष्ट्याई गरी सार्वजनिक निकायको राजपत्रांकित द्वितीय श्रेणीको प्रमुखले एक तह माथीको अधिकारीबाट स्वीकृत लिनुपर्ने र सम्झौता मूल्यको १५ प्रतिशतसम्मको भेरिएसन आदेश प्राविधिक पुष्ट्याई गरी विभागिय प्रमुखले गर्न सक्ने व्यवस्था छ । उल्लेखित प्रावधान पुरा नगरी कार्यालयले निम्न कार्यक्रमहरुमा बोलपत्र तथा सिलबन्दी दरभाउ पत्र उपभोक्ता समितिबाट काम गराइएको भेरिएसन आदेश जारी नगरी सम्झौतामा उल्लेख भएको रकम भन्दा थप भुक्तानी गरेको छ ।

| भौ.नं./मिति | कामको विवरण | भुक्तानी पाउनेको नाम | कार्यालयको लागत अनुमान | सम्झौता रकम | भुक्तानी रकम | बढी भुक्तानी | बजेट शिर्षकको नाम |
|---|---|---|---|---|---|---|---|
| ७-०६९/१२/१३ | बैजापुर नयांगाउं खानेपानी योजना | राजन निर्माण सेवा | ३७६४४५२/९५ | २२०८९९१/२९ | २३३९८२६/- | १३०८३४.७१ | ग्रामीण खानेपानी तथा सरसफाई |
| जम्मा | | | | | | १३०८३४/७१ | |

यसरी भेरिएसन आदेश जारी नगरी थप भुक्तानी दिनुमा नियमको पालनामा कमजोरी हुनु थोरै लागत अनुमानको योजनाहरुलाई प्राविधिक रुपमा कम प्राथमिकता दिई हेरिनु जस्ता कारण रहेकाछन् । भेरिएसन आदेश जारी नगरी थप भुक्तानी दिनाले एकातिर कानूनको परिपालना नहुने अवस्था सिर्जना हुन्छ भने अर्को तर्फ निर्माण व्यवसायीले पनि मनोमानी हिसावले काम गरी थप भुक्तानीको लागि दावी गर्ने

अवस्था सिर्जना हुने देखिन्छ । नियमको परिपालना गरी भेरिएसन आदेश जारी नभएको र सम्झौतामा उल्लेख भए भन्दा बढी भुक्तानी भएको देखिदा बढी भुक्तानी रु.१,३०,८३४।७१ रकम सम्बन्धितबाट असुल हुनुपर्दछ ।

**कार्यालयको जवाफ** – प्रमाण पछि पेश गरिने जनाएको छ ।

१३.७. **म्याद थपः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२८(१) मा खरिद सम्झौतामा तोकिएको काम सम्झौता बमोजिमको अवधिभित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तिमा सात दिन अगावै सम्बन्धित निकायमा म्याद थपको लागि निवेदन गर्न सक्ने र नियम १२८ को उपनियम २ (क,ख,ग) को अवस्थामा मात्र म्याद थप गर्न सकिने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार यस वर्ष ७ वटा ठेक्कामा शत प्रतिशत भन्दा बढी अवधि म्यादथप गरिएको पाइयो । यसरी म्याद थप गरि संचालन भएका खरिद सम्झौता मध्ये कार्य सम्पन्न हुन बांकी रहेको देखिन्छ । यसरी म्याद थपगरि काम गर्दा समेत निर्माण कार्य समयमा सम्पन्न नभएकोले लाभग्राही समुह समयमै सुविधा प्राप्त गर्न बञ्चित रहने, मुल्य बृद्धि समायोजनको लागि माग गर्ने जस्ता अवस्था देखिने हुंदा पटक पटक म्याद थप गर्ने परम्पराको अन्त्य हुनुपर्ने देखिन्छ ।

**कार्यालयको जवाफ** – नियमानुसार म्याद थप भएको जनाएको छ ।

१३.८. **योजना सम्झौता:** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को बुंदा ५१(ट) मा प्रत्येक आर्थिक वर्षको बैसाख मसान्तपछि नयां आयोजना सम्झौता गर्न वा पेश्की उपलब्ध गराउन नपाइने व्यवस्था छ । कार्यालयले कार्यविधि विपरित निम्न अनुसारका कार्यक्रमका निम्न योजनाहरु संचालन गर्न बैसाख मसान्त पछि सम्झौता गरेको पाइयो ।

| सि.नं. | कार्यक्रमको नाम | योजनाको संख्या | लागत अनुमान | अनुदान |
|---|---|---|---|---|
| १ | स्थाविम थप अनुदान | ३ | ३६३७४६१.०० | ३००००००.०० |
| २ | जिविस कोष राजश्व | ३ | ३४०७७४३.३८ | २५३९२४९.८४ |
| ३ | जिविस अनुदान | ६ | ३४००६७४.४१ | २९६२९८२.२२ |
| ४ | स्थाविम जनसहभागिता र आन्तरीक | १ | २५७१४७७.०० | १८०००००.०० |
| ५ | मर्मत सम्भार | १ | १२७२९६.०० | १०००००.०० |
| ६ | झोपु | ५ | १०११७०६३.४४ | ७९८०२१२.३४ |
| ७ | जनसहभागिता ६०।४० | १३ | ३०६७८६०.०० | १७२१८६६.०० |
| ८ | साना सिचाई | ३ | ९२५६७३.०० | ८०००००.०० |
| ९ | विद्युत रोयल्टी | ३ | १२५३४८८.०० | १२०००००.०० |
| १० | स्थानिय यातायात | १ | ६०७२०३.०० | ५०००००.०० |
| ११ | LGCDP | १ | २८१२३८.०० | २०००००.०० |
| १२ | जिविस कोष | ३ | १३९४८२५४.६५ | ९३४२५०८.९८ |
| १३ | जिविस कोष कवाडी | ३ | ४६१२०४३.७१ | ३२९८७८४.०० |
| १४ | गुम्बा समिति | १ | ७८९२६.०० | ५००००.०० |
| १५ | खानेपानी | १ | ४११११९४.३८ | ४१०२०३.५७ |
| १६ | स्थाविम,शान्तिमन्त्रालय | ६ | २७११५२७.०० | २५४३४३३.०० |
| | **जम्मा** | **५४** | **५११५९१२२.९७** | **३८४४९२३९.९५** |

कार्यालयले उल्लेखित १६ बजेट शिर्षकको रु. ५, ११,५९,१२२।९७ लागत अनुमानका ५४ योजनामा रु. ३,८४,४९,२३९।९६ रकम जि.वि.स.ले अनुदान व्यहोर्ने गरी बैसाख मसान्त पछि सम्झौता गराई कार्य गरेको पाइयो । कार्यविधिको निर्देशन विपरित योजना सम्झौता गर्नु र भुक्तानी दिनुनै यसको प्रमुख कारण रहेको देखिन्छ । यसरी कार्यविधिको निर्देशन विपरित सम्झौता गर्दा एकातिर कार्यविधि, निर्देशनको पालना नगर्ने प्रबृत्तिको विकास हुने देखिन्छ भने अर्को तर्फ बजेट फ्रिज नगराउने उद्देश्यले आर्थिक वर्षको अन्त्यमा सम्झौता गरी सडक निर्माण, खानेपानी लगायतका कार्य गराउंदा कामको गुणस्तरियता र योजनाको विश्वासनियता माथि शंका हुने अवस्था सिर्जना हुन्छ । अत: कार्यविधिको निर्देशन अनुसार तोकिएको समय

भन्दा अगावै योजनाहरुको सम्झौता गरी तोकिएको समयाविधि भित्र कार्य सम्पन्न गर्ने गराउने तर्फ सम्बन्धित निकायको ध्यान जानु जरुरी छ ।

**कार्यालयको जवाफ** – बजेट र अख्तियारी ढिला प्राप्त भएकोले सम्झौता ढिला भएको जनाएको छ ।

१३.९. **कोहलपुर नगर भवन निर्माण-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३३ मा सम्झौतामा उल्लेख गरेवमोजिम कार्यसम्पन्न हुनुपर्दछ । रु. ८१,७४,९८८।९२ को लागत अनुमान भई रु. ५५,२३,६५४।– को सम्झौता मूल्यमा २०७० मार्ग मसान्त भित्र कार्यसम्पन्न गर्ने गरी निर्माण व्यवसायी जागृती एण्ड नरेश जे.भी., नेपालगञ्जसंग २०७०/२/१२ मा सम्झौता भएकोमा निर्माण व्यवसायीले वर्षातले २०७०/७/१४ मा म्याद सकिएकोले म्याद थप गरिदिन र संविधान सभाको निर्वाचन लगायतका कारण देखिई दोश्रोपटक २०७०/८/१४ मा निवेदन गरेकोमा प्राविधिक कार्यालयवाट पेश भएको रायमा ठेकेदारको लापरवाही र लेहचेक्रयांइले शुरुमा काम नगरेकोले सम्झौता मिति भित्र कार्य सम्पन्न हुन नसकेकोले सार्वजनिक खरिद ऐन नियम वमोजिम पूर्व निर्धारीत क्षतिपूर्ति लगाई वढीमा फागुण मसान्तसम्म म्याद थपको राय पेश भएकोमा म्याद थप भएको तथा कार्यसम्पन्न लेखापरीक्षण अवधी २०७०/१०/२८सम्म भएको छैन । निर्माण व्यवसायीले सम्झौताको वखत कार्यतालिका पेश नगर्ने तथा कार्यालयले कार्यतालिका पेश गर्न लगाई सोही वमोजिम कार्यनगराउनु, निर्माण व्यवसायीवाट काम प्राप्त गर्न कम मुल्यमा कवोल गर्ने, उचित र पर्याप्त कारण वेगर म्याद थप मागर्ने तथा कार्यालयवाट म्याद थप हुने प्रचलन नै काममा ढिलाई हुनुका कारणहरु देखिन्छन् । जसले गर्दा चालु वर्ष विनियोजित बजेट खर्च नई आगामी वर्षमा दायीत्व सर्ने जसले गर्दा अन्य योजना सञ्चालनमा वजेट अभाव हुने, कार्यालयले गरेको लगानीको प्रतिफल लाभग्रहीले समयमै प्राप्त गर्न नसक्ने, म्याद थप गर्दै जांदा मूल्य समायोजन वापत थप व्ययभार समेत पर्न सक्ने देखिन्छ । तसर्थ खरिद सम्झौताका शर्त वमोजिम छिटो कार्यसम्पन्न गर्न गराउन सम्वन्धित पक्षको ध्यान जानपुर्ने देखिन्छ । साथै हालसम्म सो भवनको मिति २०७०/१०/२० गते लेखापरीक्षणको क्रममा स्थलगत निरिक्षण गर्दा DPC सम्मको मात्र काम गरेको र निर्माण व्यवसायीवाट कार्यस्थलमा काम गरेको देखिएन ।



**कार्यालयको जवाफ** – काबु बाहिरको परिस्थितिले गर्दा समयमै कार्यसम्पन्न नभएको जनाएको छ ।

१३.१०. **जि.वि.स.को ल्याव तथा स्टोर भवन -**स्थानीय निकाय आ.प्र.नियमावली, २०६४ को नियम १३३ मा सम्झौतामा उल्लेख गरे वमोजिम कार्य सम्पन्न हुनुपर्दछ । राजश्व बांडफांड पूंजिगत शिर्षक अन्तरगत रु. ४३,९५,५२८।५१ को लागत अनुमान स्वीकृत भई रु. ३०,२०,४३७।४७ को सम्झौता मूल्यमा २०७० मार्ग मसान्त भित्र कार्यसम्पन्न गर्ने गरी निर्माण व्यवसायी शिखर कन्स्ट्रक्शनसंग मिति २०७०/२/१२ मा सम्झौता भई रु. २,६७,०००।– मोविलाइजेशन पेश्की लगेकोमा लेखापरीक्षण अवधि २०७०/१०/२८ सम्म जगको लागि १७ वटा खाडल खन्ने वाहेक कुनै काम भएको छैन । कार्यालयले २०७०/८/१८ को पत्रवाट हालसम्म के कति कारणले काम शुरु नगरेको हो ३ दिन भित्र जवाफ पेश गर्न निर्माण व्यवसायीलाई पत्राचार गरेकोमा लेखापरीक्षण अवधीसम्म कुनै जवाफ पेश गरेको लेखापरीक्षणवाट देखिएन । निर्माण स्थलको वर्तमान अवस्था हेर्दा तोकिएको म्याद भित्र कार्यसम्पन्न हुने अवस्था देखिदैन । निर्माण व्यवसायीले सम्झौताको वखत कार्यतालिका पेश नर्गे तथा कार्यालयवाट कार्यतालिका पेश गर्न लगाई सोही वमोजिम कार्यगराउन तत्परता नदेखाउनु र निर्माण व्यवसायीवाट काम प्राप्त गर्न कम मूल्यमा कवोल गर्ने, उचित र पर्याप्त कारण वेगर म्याद थप माग तथा थपगर्ने कार्यालयको प्रचलन देखिनुनै प्रमुख कारण देखिन्छ । जसले गर्दा योजना समयमा सम्पन्न



नभई समय र लागत वृद्धि (Time and cost over run) हुने हुन्छ । तसर्थ सम्झौताका शर्तअनुसार समयमा कार्यसम्पन्न गर्न गराउन सम्वन्धित पक्षको ध्यान जानुपर्दछ ।

**कार्यालयको जवाफ** – निर्माण व्यवसायीलाई समयमै कार्यसम्पन्न गर्न पत्राचार भइरहेको जनाएको छ ।

१३.११. **कर विजकको ढांचाः** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ती गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५ (क) वमोजिमको ढाँचामा कर वीजक दिनु पर्ने व्यवस्था छ । तर निर्माण व्यवसायीहरुलाई निम्न कार्य वापत भुक्तानी दिंदा रितपूर्वकको मू.अ.कर विजक जारी नभएको अवस्थामा समेत मूल्य अभिबृद्धि कर भुक्तानी दिएको पाइयो ।

| ब.उ.शि.नं. | भौ.नं. मिति | योजनाको नाम | भुक्तानी पाउनेको नाम | विजक रकम | मू.अ.कर रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| स्थानीय यातायात पूर्वाधार चालु | ४-०७०/२/३ | कम्दी कचनापुरको वाटो निर्माणको प्रथम रनिङ विल भुक्तानी | ओम निर्माण सेवा | २३९३५०.२९ | ३१११५.५३ | विजक नं.०१ हातले लेखेको |
| | १७-०७०/३/२५ | „ दोस्रो रनिङ विल भुक्तानी | „ „ | १३८८३५०/४४ | १८०४८५.५६ | विजक नं.०२ हातले लेखेको |
| सडक बोर्ड | १५-०७०/१/५ | एम.आर एम. महादेवपुरी सडक कालोपत्रे कार्यको अन्तिम विल भुक्तानी | आदित्य निर्माण सेवा | ९०४३०३/१८ | ११७५५९.४१ | प्रिन्टेट विजक नं. मेटी नम्वरिङ मेशिनवाट ०५ बनाएको |
| जि.वि.स. अनुदान | २००-०७०/१/२९ | शम्शेरगंजमा कृषि हाट बजार निर्माण कार्यको प्रथम रनिङ विल भुक्तानी | विजय कन्स्ट्रक्सन | ४९५९३०/३८ | ६४४७०.९५ | कर विजकमा नम्वरनै नभएको |
| | ३८८-०७०/३/२५ | उदयपुर प्रशुति गृह निर्माण कार्यको अन्तिम विल भुक्तानी | रवि एण्ड बवि कम्पनी | ८३९५४५/- | ९६८४५.८६ | कर विजकमा नम्वरनै नभएको |
| | ३८९-०७०/३/२५ | उदयपुर प्रशुति गृह निर्माण कार्यको प्रथम विल भुक्तानी | रवि एण्ड बवि कम्पनी | ७५७४३०/४५ | ९८४६५ | कर विजकमा नम्वरनै नभएको |
| राजश्व वांडफांड | १२७-०७०/३/३१ | उढरापुर बर्थिङ सेन्टर | रोविन कन्स्ट्रक्सन | १०९५६५५/३७ | १४२४३५.२० | कर विजक नं. हातले लेखेको |
| **जम्माः** | | | | | **७३१३७७.५१** | |

कानूनको परिपालना गरी विजक जारी नगर्ने तथा मू.अ.कर विजक बेगर मू.अ.कर समेत भुक्तानी गरिनुनै यसको प्रमुख कारण रहेको देखिन्छ । रितपूर्वक विजक जारी नभएको अवस्थामा मू.अ.कर भुक्तानी दिंदा सरकारी राजश्वमा जानुपर्ने कर रकम हिनामिना हुन सक्ने अवस्था रहन्छ । रितपूर्वक जारी नगरेको विजकवाट भुक्तानी भएको मू.अ.कर रु.७,३१,३७७।५१ समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्दछ ।

**कार्यालयको जवाफ** – दाखिला गर्न लगाई सम्परीक्षण गराउने जनाएको छ ।

१३.१२. **डुडुवानाला पुल –** स्थानीय स्तरका सडक पुल कार्यक्रम अन्तरगत डुडुवानालामा पक्कीपुल निर्माण गर्न गत विगतमा निर्माण व्यवसायी लामा कन्स्ट्रक्शनसंग मु.अ.कर समेत रु.२,५४,०८,८०६।९ को खरिद मूल्यमा सम्झौता भई म्याद थप समेत २०७०।३।२६ सम्ममा कार्यसम्पन्न हुनुपर्नेमा चौथो चालु विलसम्म मूल्य समायोजन समेत रु.३,०७,९१,८३४।– को प्राविधिक मूल्यांकन भएकोमा लेखापरीक्षण अवधि २०७०।१०।२८ सम्म कार्यसम्पन्न तथा म्यादथप भएको पाइएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु निम्नानुसार छन् :

(१) **म्याद थप र मुल्य समायोजन :–** निर्माण खरिद सम्झौताको शर्त ४६ मा मुल्य समायोजन भुक्तानी गर्दा बोलपत्र खोलेको ३० दिन अधिको आधारमुल्यलाई मानी वढीमा २५% सम्म मुल्यसमायोजन वापत भुक्तानी दिन सकिने उल्लेख छ । सम्झौता फाइल परीक्षण गर्दा शुरुको अवस्थामा निर्माण व्यवसायीले काम नगरी काममा ढिलाई गरेकोले कार्यालयवाट ताकेता गरेको देखिन्छ भने म्याद थपको निर्णय गर्दा निर्माण व्यवसायीको कमजोरीलाई न्यून देखाई म्याद थप गर्दै गरेको समय र लागत वृद्धिलाई विश्लेषण नगरी वोर्ड निर्णयवाट म्याद थप भएकोमा पुन स्था.वि.अ.स्रतवाट म्याद थप भएको पाइयो । तेश्रो चालु विलसम्मको भुक्तानीमा मुल्यसमायोजन वापत रु.३७,९०,३७६।३६ को ठेक्का विल संलग्न गरेको छ । चौथो चालु विलमा मुल्य समायोजन वापतको भुक्तानी गणनाको

सुचकाङ्कहरु संलग्न नगरी रु.७,६९,७१४।५९ चौथजो चालु विलमा देखाएको छ । चौथो चालु विल रु.४६,८२,६०२।६१ मध्ये रु.२११०२५६।– भुक्तानी गरी बांकी भुक्तानी हुन बांकी देखिएको छ । चौथो विल तयारी गर्दा सो अवधिसम्मको मुल्यसमायोजन गर्दा उक्त विलको मात्र रकम संलग्न गरेको छ । नियममा उल्लेख भएवमोजिम स्थानीय विकाय (बोर्डवाट) म्याद थप भैसकेपछी स्थानीय निकायको सचिव स्तरवाट म्याद थप हुनु तथा आधारमुल्य तथा नेपाल राष्ट्र बैंकवाट प्रमाणीत मुल्यवृद्धि सुचकाङ्कको प्रमाण संलग्न नगरी समयमा कामनगर्ने निर्माण व्यवसायीलाई पूर्व निर्धारीत क्षतिपूर्ति असुल नगरी मुल्यसमायोजन वापत थप भुक्तानी गरेको कारण योजनाको समय र लागत वढ्दै जाने देखिन्छ । तसर्थ नियममा भएको व्यवस्थानुसार म्याद थप हुनपर्ने, ठेक्का विलमा प्रत्येक आइटमको हालसम्मको भुक्तानी देखीने गरी तयार हुनपर्ने र चौथो चालु विलवाट मुल्यसमायोजना वापत रु.७,६९,७१४।५९ को सम्वन्धमा मुल्य समायोजनको आधार प्रमाण समेत संलग्न गरी नियमित हुनपर्ने अन्यथा असुल हुनुपर्दछ ।

**कार्यालयको जवाफ** – नियमानुसार नै भुक्तानी गरेकोले असुल गर्न नमिल्ने जनाएको छ ।

१३.१३. **वीमा -** निर्माण खरिद सम्झौताको शर्त नं.१३ मा निर्माण व्यवसायीले गर्नुपर्ने विमाको सम्वन्धमा उल्लेख छ । वोलपत्र कागजात तथा खरिद सम्झौताको शर्तमा उल्लेखित शर्त स्वीकार गरी ठेक्का सम्झौता गरीसकेपछी BoQ मा विमाको आइटम नभएपनि उक्त शर्तको पालना निर्माण व्यवसायीवाट हुनुपर्ने देखिन्छ । यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२० मा निर्माण व्यवसायीले निर्माण कार्यको विमा गराउंदा कार्यसम्पन्न भई त्रुटीसच्याउने अवधीसम्मको अवधी खाम्नेगरी विमा गराउनु पर्ने व्यवस्था छ कार्यालयले चौथो चालु विल भुक्तानीमा २०१०।३।८ देखि २०१३।१।९ सम्ममा थप १२ महिना DLP भएको ठेक्काको र २०१३।१।२९ सम्मको दुर्घटना विमा एलाइन्स ईन्स्यूरेन्स कम्पनीसंग गराएको विमालेख पेश गरी २,९५,३२,३१४।– भुक्तानी गरेको छ । २०७०।३।२६ सम्म म्याद थप भैसकेको अवस्थामा विमा अवधी समाप्त भैसकेको विमा पोलिसी संलग्न गरी BoQ मा नभएको आइटमको भुक्तानी हुनु तथा वोलपत्र कागजात र निर्माण सम्झौता गरीसकेपछि सम्झौताका शर्तपालना गरी विमा गराउनुपर्नेमा निर्माण व्यवसायीवाट भुक्तानी मागहुनु तथा कार्यालयवाट उक्त आइटमको भुक्तानी भएको कारण मु.अ.कर सहित थप दायीत्व भएको रु.३,३३,७१५।१४ सम्वन्धमा म्याद सकिएको विमालेखको म्याद थपगरी जोखीम न्युनिकरण हुनुपर्ने र BoQ मा नभएको आइटमको भुक्तानीको सम्वन्धमा सम्वन्धित निर्माण व्यवसायीवाट असुल उपर हुनुपर्दछ ।

**कार्यालयको जवाफ** – सम्झौता अनुसार भुक्तानी भएको जनाएको छ ।

१३.१४. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६०(१ ध) वमोजिम आर्थिक वर्षको अन्त्यमा भुक्तानीहुन नसकेको रकम भुक्तानी वांकीको कच्चावारी प्रमाणीत गरी राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस कार्यक्रम अन्तरग तगत वर्षको तेश्रो चालु विलको भुक्तानी बांकी रु.४७,६१,८२९।– भुक्तानी गरेको छ । तेश्रो चालु विलको जोडजम्मामा BoQ का विभिन्न आइटमको जम्मा रु.१,२३,०७,२६५।२० मूल्य समायोजन वापत रु.२६,०३,०१४।३२, नयां २ वटा आइटमको रु.५,१२,०३५।२९ गरी जम्मा रु.१,५४,२२,४१४।८१ हुनेमा कार्यालयले रु.१,५६,७३,३०७।८० देखाई रु.२,५०,८९२।९९ बढी दायीत्व देखिएको छ । गतको भुक्तानी बांकी दायीत्वमा रु.२,५०,८९२।९९ वढीले दायीत्व देखाई भुक्तानी गरेको कारण बढी भुक्तानी देखिएको मु.अ.कर थप समेत रु.२,८३,५०९।०८ असुल उपर हुनुपर्दछ ।

**कार्यालयको जवाफ** – आगामी बिलमा कट्टी गरेर भुक्तानी दिने जनाएको छ ।

१४. **जिन्सी व्यवस्थापनः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१४ मा कार्यालयले लगत खडा गरी राखिएको मालसामान के कस्तो अवस्थामा छ अधिकार प्राप्त अधिकारीले एक बर्षमा कम्तीमा एक पटक स्वयम वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नु पर्ने र निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएका कुनै मालसामान भएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाउनु पर्ने व्यवस्था छ । यसै गरी निरिक्षण प्रतिवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले लिलाम गर्नु पर्ने मालसामान ६ महिना भित्र र मर्मत संभार गर्नु पर्ने भए सोको लागि बजेट व्यवस्था गरी तीन महिना भित्र

गरी सक्नु पर्ने व्यवस्था छ । कार्यालयको आर्थिक बर्ष ०६९।७० को जिन्सी निरीक्षण गरी मिति२०७०।३।३१ मा जिन्सी निरीक्षण प्रतिवेदन पेश भएको छ । जिन्सी सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

१. जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख बिभिन्न ५६ आईटम मर्मत हुन नसक्ने भनि प्रतिवेदन दिएको छ ।

२. भौतिक परिक्षण गर्दा स्टोरमा रहेका ल्यापटप ८ मध्ये ८ वटै कर्मचारीहरुले बुझिलिएका केहीको Detailed Specification नखुलेको, डिजिटल क्यामेरा ५ मध्ये ५ वटै कर्मचारीहरुले बुझिलिएको, मोटरसाइकल १० रहेकोमा १० वटै कर्मचारीले बुझिलिएकोमा केही रातो नम्वर प्लेट राखी चलाएको देखियो । गाडी २ को मूल्य नखुलखाई जिन्सी आम्दानी बांधेकोमध्ये १ गाडी लिलाम गर्नुपर्ने अवस्थामा रहेको र लिलामको लागि सूचना गर्दा लिलाम नभएको भनी कार्यालय परिसरमा रहेको पाइयो ।



कार्यालयवाट खरिद गरिएका वा अन्य निकायवाट प्राप्त हुन आएको मालसामानको स्पेशिफिकेशन र मूल्य खुलाई जिन्सी आम्दानी नवांधिनु र मर्मत गरी संचालनमा ल्याउन नसकिने सामान लिलाम प्रक्रिया अगाडी नवढाई मौज्दात राखिंदा सो को मूल्य ह्रास हुंदै जाने, विस्तृत स्पेशिफिकेशन नखुलाई जिन्सी सामान आम्दानी गरिंदा सामान हिनामिना हुनसक्ने जस्ता अवस्था आउंछ । जिन्सी निरीक्षण प्रतिवेदनले औंल्याएका मूल्य नखुलेका सामानको मूल्य खुलाई जिन्सी आम्दानी वांध्ने, मर्मत गरी प्रयोगमा ल्याउन सकिने सामान ममर्त गर्ने तथा प्रयोगमा नआउने सामान लिलाम प्रक्रिया अगाडि बढाई जिन्सी व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

**कार्यालयको जवाफ** – प्राप्त सुझावलाई ध्यान दिई जिन्सी व्यवस्थापन दुरुस्त राख्ने जनाएको छ ।

१५. **उपभोक्ता समिति**

१५.१. **दर्ता र सूचीकरणः** जिल्ला विकास समितिद्धारा संचालित रु.६० लाखसम्मको कारोवार स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(१) मा उपभोक्ता समितिद्धारा गराउन सक्ने प्रावधान छ । सोही नियमावलीको नियम १५५(२) मा उपनियम (१) बमोजिमको काम गराउने प्रयोजनका लागि स्थानीय निकायले उपभोक्ता समितिहरुलाई विषयगत रुपमा वर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले २०६८।०६९ मा विभिन्न कार्यक्रम अन्तर्गत संचालित अधिकाँश योजनाहरु उपभोक्ता समिति मार्फत संचालन गराएकोमा उपभोक्ता समितिको दर्ता तथा विषयगतरुपमा बर्गिकरण नगरी केवल उपभोक्ता समितिको निवेदनको भरमा योजना कार्यान्वयन गराएको छ ।उपभोक्ता समिति दर्ता तथा बिषयगत रुपमा बर्गिकरण नहुनुमा कानूनको पालना नगर्नु उपभोक्ता समिति गठन भए पछी उपभोक्ता समितिहरुलाई निर्माण पूर्व तथा निर्माण पश्चात तालिम दिने व्यवस्था नगरीनुनै प्रमुख कारण हुन । उपभोक्ता समितिहरुको दर्ता तथा बिषयगत रुपमा बर्गिकरण नगरिंदा अनुगमनमा कठिनाई हुने, एउटा उपभोक्ता समितिमा रहेका पदाधिकारीहरु अन्य उपभोक्ता समितिमा पदाधिकारी हुने, योजना समाप्त हुने बित्तिकै उपभोक्ता समितिको नाममा रहेको बैंक खाता बन्द हुने, उपभोक्ता समितिहरुलाई समय समयमा दिनु पर्ने ओरिएन्टेशन कार्यक्रममा बाधा पर्ने, जुनसुकै प्रकृतिका कार्य एउटै उपभोक्ता समिति मार्फत गराउने, सम्पन्न योजना गुणस्तरीय नहुने, मर्मत संभार र जिम्मेवारी कसले लिने भन्न नसकिने अवस्था रहन्छ । नियमावलीमा उल्लेख भए अनुसार आगामी दिनमा उपभोक्ता समितिकोहरुको दर्ता तथा विषयगत रुपमा बर्गिकरण गर्ने र समय समयमा उपभोक्ता समितिलाई योजना सम्बन्धि बिषयमा तालिम तथा सेमिनार गरी व्यवस्थित गराउन सम्बन्धित निकायको ध्यान पुग्नु जरुरी छ ।

**कार्यालयको जवाफ** – सुझावलाई कार्यान्वयनमा ल्याइने जनाएको छ ।

१५.२. **लागत अनुमानः**_सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(३) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले मालसामान स्थलगत रुपमा उपलव्ध हुने वा नहुने अध्ययन गरी निर्माण कार्यसम्पन्न गर्न लाग्ने समायवधि समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ ।जिल्ला विकास समितिवाट संचालित अधिकांश योजनाहरुको लागत अनुमान तयारगर्दा स्थलगत रुपमा उपलव्ध हुने मालसामान, मालसामान

ढुवानी गर्न लाग्ने लागत तथा कार्य सम्पन्न गर्न लाग्ने समयावधि तोक्ने गरेको देखिदैन ।बजेट विनियोजन भएपछि लागत अनुमान तयार गर्ने, स्थानीय स्तरमा उपलव्ध हुन सक्ने मालसामानको उपलव्धताको विश्लेषण नगर्ने र समयमै बजेट उपलव्ध नहुने जस्ता कारणले गर्दा निर्माण कार्य सम्पन्न गर्न लाग्ने समयावधि उल्लेख नगरिएको पाइयो । यसरी सामानको उपलव्धता र सयमावधि किटान नगरिंदा कार्यक्रम कार्यान्वयन निश्चित नहुने, निर्माण लागत बढ्ने तथा समयमै कार्य सम्पन्न नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत असर पर्न जाने देखिन्छ ।लागत अनुमान तयार गर्दा स्थानीय स्तरमा उपलव्ध हुने मालसामानको उपलव्धता, सुरु गर्ने तथा निर्माण अवधि समेत किटान गरी सार्वजनिक खरिद र निर्माण कार्यलाई स्पष्ट र नतिजामूलक गर्नेतर्फ सम्बन्धित निकायको ध्यान पुग्नु पर्ने देखिन्छ ।

**कार्यालयको जवाफ** – सुझावलाई कार्यान्वयनमा ल्याइने जनाएको छ ।

१५.३. **सार्वजनिक परिक्षण -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ (२) मा स्थानीय निकाय मार्फत सञ्चालन हुने सवै किसिमका योजना तथा कार्यक्रमहरु सम्पन्न भएपछि फरफारक गर्नु पूर्व सार्वजनिक परिक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट संचालित अधिकांश योजनाहरुको उपरोक्त अनुसारको सार्वजनिक परिक्षण नगराई फरफारक गरेको देखियो । निर्माण कार्यको सामाजिक परिक्षण नगराउनुमा नियमावलीको व्यवस्थाको परिपालना गर्न कमजोरी भएको देखिन्छ । कार्यालयबाट संचालित योजनाहरुको सरोकारवाला सवै लाभग्राही समुहबाट सार्वजनिक परिक्षण नगर्दा जनसमुदायमा निर्माण कार्यको जानकारी नहुन सक्दछ । तसर्थ कार्यालयले नियमावलीको व्यवस्थाको परिपालना गरी गराई सार्वजनिक परिक्षण गरे पश्चात मात्र सम्पन्न योजनाको फरफारक गर्ने व्यवस्था गर्नु पर्दछ ।

**कार्यालयको जवाफ** – सुझाव अनुसार कार्यान्वयन गर्दै जाने जनाएको छ ।

१५.४. **झो.पु.को लागत अनुमान**: झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम निर्देशिका २०६६ बुंदा ४.३ मा छोटा तरिको झो. पु.हरुको लागि अवाश्यक निर्माण सामग्री जस्तैः सिमेन्ट, फलामे पार्टपूर्जा र सामग्री, ज्यावल र औजारहरु, ग्यावियन वायर आदिको आपूर्ति जि.वि.स.ले गर्नेछ । जिल्ला विकास समितिले निम्न लागत अनुमान भएका झो.पु.हरुको उपभोक्ता समिति मार्फत काम गराउंदा जि.वि.स.ले उपलव्ध गराउने सामानहरु र उपभोक्ता समितीले जुटाउने श्रम लगायतका सामग्रहीहरुको छुट्टाछुट्टै लागत अनुमान तयार नगरी TBSU ले उपलव्ध गराएको एकमुष्ट लागत अनुमानका आधारमा उपभोक्ता समितिसंग सम्झौता गरी काम गराएको पाईयो ।

| **झोलुङ्गे पुलको नाम** | **TBSU ले उपलव्ध गराएको लागत अनुमान** |
|---|---:|
| रामपूर्वा झो.पु | ३६,२३,४२२/- |
| बैरहवा जेठीनाला नौवस्ता झो.पु | १८,९६,०५०/३० |
| बेतहनी–३ नौरीगैठीमा ट्रस झो.पु. | २६,२६,३५३/- |

उल्लेखित झो.पुहरुको ट्रेल व्रिज सपोर्ट यूनिटवाट प्राप्त एकमुष्ट लागत अनुमानकै आधारमा उपभोक्ता समिति संग सम्झौता गरिनु, स्थानीय श्रोत, श्रम र उपभोक्ता समितिवाट व्यहोर्नुपर्ने खर्च यकिन गरी उपभोक्ता समितिवाट हुने कामको छुट्टै लागत अनुमान तयार नगरी केन्द्रले दिएको एकमुष्ट लागत अनुमानकै आधारमा उपभोक्ता समितिसंग सम्झौता गर्नुनै यसको प्रमुख देखिन्छ । सम्झौता गरिंदा झो.पु. निर्माणको लागि आवश्यक पर्ने कामहरु मध्ये कुन काम कसले गर्ने र उपभोक्ता समितिले गरेको कति कामको कति भुक्तानी गर्ने अन्यौलको अवस्था सिर्जना हुने देखिन्छ । अतः निर्माणाधिन तथा सम्पन्न पुलहरुको उपभोक्ता समितिवाट हुने कामको लागत अनुमान तयार गर्ने र वास्तविक गरेको कामको आधारमा भुक्तानी हुने व्यवस्था गर्न सम्बन्धित निकायको ध्यान जानु जरुरी छ ।

**कार्यालयको जवाफ** – सुझावलाई कार्यान्वयनमा ल्याइने जनाएको छ ।

१५.५. **म्याद थप -** स्थानीय निकाय आर्थिक प्रशासन निमायमावली, २०६४, को नियम १५५ मा सम्झौतानुसारको म्याद भित्र कार्यसम्पन्न हुन नसकेमा सम्वन्धित उपभोक्ता समितिले म्याद थपको लागि निवेदन गर्नेपर्ने उल्लेख छ । शहिद स्मृति केन्द्र भवन निर्माण, कोहलपुरको निर्माणको लागि पिछडीएको तराई–मधेश विशेष कार्यक्रम अन्तरगत रु.४५,७५,८८५।– शुरु लागत अनुमान स्वीकृत भई उक्त लागत मध्ये जिविसबाट

रु.३८,८०,०००।– जिल्ला प्राविधिक कार्यालयबाट रु.३,७५,०००।– र जनसहभागित (नगद ४,५०,०००।– श्रमदान ८३८५।–) ४,५८३८५।– लगत व्यहोरी २०७०।३।१५ मा कार्य सम्पन्न हुनेगरी उपभोक्ता समितिका अध्यक्ष ओमप्रकाश सापकोटा (के.सी.) संग २०६९।१२।४ मा सम्झौता भएकोमा आ.व. ०६९।७० भित्र दोश्रो चालु विलसम्म रु.३१,४२,६५४।१८ को प्राविधिक मूल्यांकन पेश भई जिविसबाट रु.२९,०५,१५४।– भुक्तानी भएको छ भने तोकिएको समयावधिमा कार्यसम्पन्न नभएकोमा उपभोक्ता समितिबाट म्याद थप माग तथा कार्यालयको तर्फवाट म्याद थप समेत भएको पाइएन ।



सम्झौतानुसार कार्यसम्पन्न नभएको तथा म्याद थप समेत नहुनुमा सम्वन्धित उपभोक्ता समितिवाट कार्यमा ढिलाई हुनु र म्याद थप सम्वन्धित नियमको पालना नहुनु देखिन्छ । जसले गर्दा चालु वर्ष विनियोजित बजेट फ्रिज हुने र आगामी वर्ष दायित्व बांकी रही अन्य योजना संचालनमा बाधा पुग्ने देखिन्छ तसर्थ सम्झौता वमोजिमको समयमा कार्यसम्पन्न गर्ने गराउने तर्फ सम्वन्धित पक्षको ध्यान जानुपर्ने देखिन्छ ।

**कार्यालयको जवाफ** – आगामी वर्षदेखि उपभोक्ता समितिहरुको समेत म्याद थप गर्ने जनाएको छ ।

१५.६. **लागत सहभागिता -** स्थानीय निकाय आर्थिक प्रशासन निमायमावली, २०६४, को नियम १५५ (द) मा सम्झौतानुसारको म्याद भित्र कार्यसम्पन्न हुन नसकेमा सम्वन्धित उपभोक्ता समितिले म्याद थपको लागि निवेदन गर्नेपर्ने उल्लेख छ । सम्झौतानुसारको अनुपातिक गणना गर्दा रु.३१,४२,३५४।१८ को मूल्यांकनमा उपभोक्ता समितिको अंश रु.३,१४,८१२।४० कट्टी गरी बांकीमध्ये जिविसले रु.२६,६४,६५६।४८ भुक्तानी गर्नुपर्नेमा प्राविधि विलमा प्रमुख जिल्ला ईन्जिनियरवाट जिविसमा भुक्तानीको लागि पेश भएको विलमा रु.३,१४,८१२।४० कट्टि गरी भुक्तानी दिन सिफारीस भएको देखिन्छ । जसले गर्दा जिल्ला प्राविधिक कार्यालयवाट भएको भुक्तानीमा अनुपातिक कट्टि नगरी भुक्तानी भएको देखिन्छ । सम्झौतानुसारको अनुपातमा भुक्तानी नगरेको कारण प्राविधिक कार्यालयवाट भएको भुक्तानी समेतलाई आधारमान्दा उपभोक्ताले व्यहोर्नुपर्ने अंश वापतको रु.३,१४,८१२।४० उपभोक्ताले कम दायित्व व्यहोरेको देखिन्छ जसले गर्दा अनुपातिक कट्टि सम्वन्धि नियमको पालना भएको देखिदैन । तसर्थ अन्तिम विल भुक्तानीमा उपभोक्ताको अंश वापत भुक्तानीमा समायोजन गरी भुक्तानी गरेको रु.३,१४,८१२।४० प्रमाण पेश हुनुपर्दछ ।

**कार्यालयको जवाफ** – प्रक्रियागत त्रुटी भएकोले सम्परीक्षण गराउने जनाएको छ ।

१५.७. **उपभोक्ता समितिको अंश-** द्वन्द्व प्रभावित क्षेत्र विशेष कार्यक्रम संचालन कार्यविधि २०६८ को वुंदा नं. ७ मा आयोजनाको कूल लागको २०% व्यहोर्ने दायीत्व सम्वन्धित उपभोक्ता समितिको हुनेछ भन्ने व्यवस्था छ । कार्यालयले यो वर्ष द्वन्द्व प्रभावित क्षेत्र कार्यक्रम अन्तरगत निम्नानुसारका योजनामा सम्वन्धित उपभोक्ता समितिहरुलाई भुक्तानी गर्दा २०% लागत व्यहोरेको देखिएन । सम्झौता तथा भुक्तानी गर्दा अख्तियारी साथ संलग्न कार्यविधिको पालना नगरेको कारण उपभोक्ताले व्यहोर्ने रु.२,६२,२६३।– कार्यालवाट भुक्तानी हुन गएको देखिन्छ ।

| सि. नं. | उ.भो.स.को नाम | प्राविधिक मूल्यांकन | जिविसले व्यहोर्ने | भुक्तानी भौ.नं./मिति | भुक्तानी रकम | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | फलफूल केन्द्र कौशिलानगर, रझेना | ६३६६२५.० | ५०९३००.० | २- ०७०/३/१९<br>१५- ०७०/३/३० | ५७००००.० | ६०७००.० |
| २ | डिपवोरिङ्ग रझेना- ४ मुक्तीनगर | २८६५९६.० | २२९२७७.० | ३- ०७०/३/१५<br>८- ०७०/३/३० | २८०५९५.० | ५१३१८.० |
| ३ | सिर्जना डिपबोरिङ्ग उ.स.टिटिहिरिया | ३०००३९.० | २४००३१.० | ४- ०७०/३/१५<br>८- ०७०/३/३० | २८३८६५.० | ४३८३४.० |
| ४ | चिसापनी नौवस्ता जब्दहवा सिचाई कुलो निर्माण उ.स. | ६१९२८९.० | ४९५४३१.० | १०- ०७०/३/३० | ५४२३८९.० | ४६९५८.० |
| ५ | नौवस्ता- ८ फलफुल संकलन केन्द्र | ३४३८३८.० | २७५०७०.० | ११- ०७०/३/३० | ३०२५००.० | २७४३०.० |
| ६ | नौवस्ता- ८ डिपबोरिङ्ग थारुगाऊं | १९२९५६.० | १५४३६४.० | १२- ०७०/३/३० | १८६३८९.० | ३२०२५.० |
| | जम्मा | २३७९३४३.० | १९०३४७३.० | - | २१६५७३८.० | २६२२६५.० |

यसरी उल्लेखित रुपमा वढी भुक्तानी भएको रु.२,६२,२६५।– सम्वन्धितबाट असुल हुनुपर्दछ।

**कार्यालयको जवाफ** – सुझावलाई कार्यान्वयन गर्ने जनाएको छ ।

१५.८. **अनुपातिक कट्टी -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(ढ) मा खण्ड (ड) बमोजिम कायम भएको उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने उल्लेख छ । निम्न कार्यक्रम अन्तर्गत संचालित निम्न योजना तथा कार्यक्रममा लागत अनुमान भन्दा कम कार्य सम्पन्न भएकोमा आनुपातिक कट्टी नगरी बढि भुक्तानी भएको पाइयो ।

| क्र. सं. | योजनाको नाम | लागत अनुमान | जिविस | उ.स. | कार्य सम्पन्न | भुक्तानी | भुक्तानी हुनुपर्ने | बढि भुक्तानी | ब.उ.शि.नं |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | सरस्वती प्रारम्भीक वाल विकास केन्द्र भवन | १६७७०४/- | १५००००/- | १७,७०४/- | १६५,९९२/- | १५००००/- | १४८४६३/- | १५३७/- | मधेशी मुस्लिम पिछडावर्ग |
| २ | बेतहनी ४ को मदरसा बार्सियाको भवन निर्माण | २३७४५२/- | २०००००/- | ३७४५२/- | २२९७७७/- | २०००००/- | १९३४३४/- | ६५६६/- | |

यसरी उपभोक्ता समितिको योगदान भन्दा कम काम हुँदापनि अनुपातिक कट्टी नगरी बढि भुक्तानी दिनुमा नियमावलीको व्यवस्थाको पालना नहुनु नै प्रमुख कारण रहेको छ । जसले गर्दा उक्त योजनाहरुमा उपभोक्ताको अंश कम हुने र सरकारी रकम बढी भुक्तानी हुने अवस्था रहन्छ जसले गर्दा योजनामा सम्बन्धित सरोकारवालाको सक्रियतामा संचालन हुनुपर्दछ भन्ने भावनाको विकास नहुने जस्ता समस्या सृजित हुने संभावना रहन्छ । अतः योजना प्रति सम्बन्धित उपभोक्ताको योगदान बढाई उपभोक्ताको अपनत्वको भावना अभिवृद्धि गर्न भएको व्यवस्थाको पालना हुनु पर्दछ । साथै योजनामा उपभोक्ताको योगदान भन्दा कम काम हुँदा पनि बढी भुक्तानी गरेको रु.८,१०३।– सम्बन्धितसँग असुल हुनुपर्दछ ।

**कार्यालयको जवाफ** – असुलीको लागि पत्राचार भएको जनाएको छ ।

## १६. कार्यक्रम कार्यान्वयन

१६.१. **चौमासिक तथा आषाढको खर्च:** कार्यालयले आफूले संचालन गर्ने कार्यक्रमको चौमासिक कार्य तालिका बनाई सोही अनुरुप कार्य संचालन र खर्च गर्नुपर्दछ । कार्यालयले उपलव्ध गराएको बिबरण अनुसार कार्यालयको केन्द्रिय बजेट शिर्षक तर्फको तस्रो चौमासिक खर्च र आषाढ महिनाकोमात्र खर्चको स्थिति निम्नानुसार छ ।

| क्र.सं. | कार्यक्रमको नाम | कुल खर्च | तेस्रो चौमासिक | तेस्रो चौमासिक खर्च प्रतिशत | आषाढ महिना | आषाढ महिनाको खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | गाविस अनुदान | ६९,०००,००० | ४७,९६५,००० | ६९.५१ | ३१,३०८,००० | ४५.३७ |
| २ | उपेक्षित, उतिपिडित र दलित वर्ग उत्थान | २४२,६००.०० | २४२,६०० | १०० | १०९,०२६ | ४४.९४ |
| ३ | जिल्ला विकास समिति अनुदान | ५३,३८५,४६० | ३५,२४१,४८१ | ६६.०१ | २५,९०७,७६० | ४८.५३ |
| ४ | सामाजिक सुरक्षा अनुदान | १५१,३४७,७७१ | ८१,९७८,६२८ | ५४.१७ | ८१,६७३,४१० | ५३.९६ |
| ५ | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | ३,४८२,३३५ | ३,४८२,३३५ | १०० | २,७१७,५९५ | ७८.०४ |
| ६ | स्थानीय पूर्वाधार विकास (साना सिचाई) | ४४६,११४ | ४४६,११४ | १०० | १८२,१७५ | ४०.८४ |
| ७ | मधेशी–पिछडावर्ग र मुस्लिम उत्थान | १,२९९,९९२ | १,२९९,९९२ | १०० | ९४८,९९२ | ७३.०० |
| ८ | स्थानीय स्तरका सडक पुल | ७,०००,००० | २,२०६,६७९ | ३१.५२ | २,१४१,५२३ | ३०.५९ |
| ९ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | १,६९६,३६७ | १,१३०,५५४ | ६६.६५ | १,००९,४४३ | ५९.५१ |
| १० | ग्रामीण खानेपानी तथा स.स.कार्यक्रम | २,५००,००० | १,७६७,५५० | ७०.७० | ८९९,६८४ | ३५.९९ |
| ११ | स्थानीय शासन तथा सामुदायिक विकास | २१,९५८,१७६ | १६,७४०,२६६ | ७६.२४ | १०,६९०,१२५ | ४८.६८ |
| १२ | ग्रामीण पहुंच सुधार तथा विकेन्द्रीकरण | ८६,८२१,८०३ | ६७,७७०,९४५ | ७८.०६ | २८,१७६,२१५ | ३२.४५ |
| १३ | जनसहभागितामा आधिरित विकास कार्यक्रम | १,०००,००० | १,०००,००० | १०० | १,०००,००० | १०० |
| १४ | पिछडिएको तराई–मधेश विशेष कार्यक्रम | २,९७६,१४६ | २,९७६,१४६ | १०० | २,०६५,१५३ | ६९.३९ |
| १५ | गुम्वा व्यवस्थापन तथा विकास समिति | ५०,००० | ५०,००० | १०० | ५०,००० | १०० |
| १६ | युवा तथा खेलकुद मन्त्रालय | ५९४,१९४ | ५९४,१९४ | १०० | ४२९,०९७ | ७२.२१ |
| १७ | रोयल्टी व्यवस्थापन तथा वितरण | १,१९७,००० | १,१९७,००० | १०० | १,१९७,००० | १०० |
| १८ | शान्ति तथा पुननिर्माण मन्त्रालय | २,१६५,७३८.०० | २,१६५,७३८ | १०० | २,१६५,७३८ | १०० |
| १९ | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | १,४१३,९०३.०० | १,४१३,९०३ | १०० | ९९९,९३७ | ७०.७२ |
| २० | ग्रामीण पहुंच सुधार तथा विकेन्द्रीकरण | ३००,०००.०० | १५३,३४३ | ५१.११ | ६५,४९३ | २१.८३ |
| | **जम्मा** | ४०८,८७७,५९९ | २६९,८२२,४६८ | ६५.९९ | १९३,७३६,३६६.७० | ४७.३८ |

उल्लेखित बजेट खर्च शिर्षकहरुको बार्षिक खर्च रु. ४०८,८७७,५९९/- मध्ये तेस्रो चौमासिकमा रु. २६९,८२२,४६८/- खर्च गरेको छ भने आषाढ महिनामा मात्र रु.१९३,७३६,३६६/७० खर्च गरेको छ चार बजेट शिर्षकहरुमा सत् प्रतिशत रकम असार महिनामा मात्र खर्च गरेकोको पाइयो भने तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको समग्र प्रतिशत क्रमश: ६५.९९ र ४७.३८ रहेको छ । आर्थिक वर्षको अन्त्य अर्थात तेस्रो चौमासिक र आषाढ महिनामा विनियोजित रकमको ठूलो अंश खर्च हुनुमा ढिलो बजेट खर्च गर्ने अख्तियारी प्राप्त भएको, अधिकांश योजनाहरुको योजना फरफारक आषाढ महिनामा गरिनाले तेस्रो चौमासिक र आषाढमा बढी खर्च भएको देखिन्छ । यसरी खर्च गरिंदा खर्चको सहि सदुपयोग नहुने, जथाभावी खर्च गरिने, योजनाको गुणस्तरमा प्रभाव पर्नुका साथै आर्थिक अनियमितता समेत बढने अवस्था सिर्जना हुने देखिन्छ । अर्थ मन्त्रालयको निर्देशिन विपरित तेस्रो चौमासिक र आषाढ महिनामा मात्र ठूलो रकम खर्च हुन नदिनेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

**कार्यालयको जवाफ** – अख्तियारी ढिलो प्राप्त भएकोले आ.ब.को अन्तमा बढी खर्च भएको जनाएको छ ।

१६.२. **योजना कार्यान्वयन:** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १९७(३) मा जिल्ला विकास योजना तर्जुमा गर्दा सेवा केन्द्र, विषयगत योजना तर्जुमा समिति, एकीकृत योजना तर्जुमा समिति, जिल्ला विकास समिति र जिल्ला परिषद्मा आवश्यक छलफल गरी योजना तर्जुमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आ.व. २०६९।७० मा तर्जुमा गरेको योजनाहरु मिति २०६८।१२।७ मा जिल्ला परिष्दबाट स्वीकृत गरी कार्यान्वयन गराएकोमा बिद्युत रोयल्टी तथा व्यवस्थापन कार्यक्रमबाट संचालित निम्न योजनाहरु परिषद्बाट स्वीकृती बेगरनै संचालन गरी रु.१०,५३,४०७– खर्च गरेको देखियो ।

| योजनाको नाम | लागत अनुमन | प्राविधिक मूल्यांकन अनुसार सम्पन्न काम | भुक्तानी रकम |
|---|---|---|---|
| पिप्रहवा ३,४,७,८ मा बिद्युतिकरण कार्य | ३२९,८८०/- | ३१६७९७/३८ | २६७३०० |
| बनकतीका बिभिन्न वडामा बिद्युतिकरण कार्य बडा १,२,३,४,५,६ | ४८५४११/२० | ४८६००८/१५ | ३९३००० |
| चिसापानी ५,९ बिद्युतिकरण | ४४७,१०७/- | ४५७७२९/८० | ३९३१०७ |
| | | जम्मा: | १०,५३,४०७/- |

ऐनको प्रावधान विपरित परिषदवाट योजना स्वीकृत नगराई योजना कार्यान्वयन गर्नुनै यसको प्रमुख कारण देखिन्छ । जसले गर्दा जनताको आवश्यकता र प्राथमिकता निर्धारण नगरी पहुंच र प्रभावका आधारमा योजना छनौट र कार्यान्वयन हुने अवस्था सिर्जना हुँदै जाने देखिन्छ । अत: परिषद्वाट योजना छनौट तथा स्वीकृत नगराई कार्यन्वयन गर्ने तथा भुक्तानी दिने कार्य नियमसम्मत देखिएन ।

**कार्यालयको जवाफ** – परिषद्ले दिएको अधिकार प्रयोग गरी बोर्डले निर्णय गरेको जनाएको छ ।

१६.३. **<u>कन्टेन्जेन्सी खर्च</u>:** स्थानीय निकाय स्रोत व्यवस्थापन कार्यविधि कार्यविधि २०६९ को वुदा १४(१) मा जिल्ला विकास समितिको आफ्नो स्रोतवाट सञ्चालित वा अन्य निकायको कार्यक्रम/आयोजनालाई कार्यकुशलता, प्रभावकारिता तथा मितव्ययिताको सिद्धान्त अनुसार सञ्चालनमा सहयोग पुऱ्याउन पूँजीगत लगानीको समष्टिगत रकमवाट अनुसूचि ९ मा उल्लेख भए वमोजिम 'क' 'ख' र' ग वर्गका जिल्लामा क्रमश ५,४ र ३ प्रतिशत रकम छुट्याई खर्च गर्न सकिने र यस्तो खर्चको हिसाव अनुसूची १० बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । अनुसूची ९ मा उल्लेख भए अनुसार बांके जिल्ला 'ग' बर्गमा पर्ने र नियम अनुसार ३% ले हुने कन्टिजेन्सी रकम मात्र खर्च गर्न पाउँछ । कार्यालयले निम्न बजेट शिर्षकमा नियमले पाउने भन्दा बढी खर्च गरेको पाईयो

| बजेट शिर्षक कार्यक्रम | बजेट खर्च | ३% ले हुने कन्टिजेन्सी रकम | कार्यालयको कन्टिजेन्सी खर्च | बढी खर्च |
|---|---|---|---|---|
| भ्mो.पु. क्षेत्रगत कार्यक्रम | १६,९६,३६७/- | ५०८९१/- | १३०,४७७/- | ७९,५८६/- |
| **जम्मा** | | | | |

कार्यविधिको पालना नगरी खर्च गर्ने तथा विनियोजित वजेटलाई मात्र आधार मान्ने तर कार्यक्रममा हुने यथार्थ खर्चको अनुमान नगरी खर्च गर्ने, वजेट फ्रिज हुने अवस्थामा पनि कन्टिजेन्सी खर्च गर्ने प्रवृत्तिले

कन्टिजेन्सी खर्चमा वृद्धि भएको देखिन्छ । सम्वन्धीत योजनाको अनुगमन, मूल्यांकन, रेखदेखको लागि कन्टिजेन्सी खर्च नहुने, पूँजिगत लगानीको समष्टिगत रकम भन्दा वढी खर्च हुने, वजेट फ्रिज नगराउन वढी खर्च हुने, वास्तविक योजनाको लागि भन्दा अन्य प्रयोजनको लागि खर्च हुने, कार्यविधिले तोकेका अनुसूची अनुसारको ढांचामा खर्च विवरण नराख्नाले वास्तविक कति खर्च हुन गयो सो को अभिलेख नदेखिने जस्ता प्रभाव रहन्छ । तोकिएको दरले हुने रकम मात्र खर्च गर्ने अनुसूचि १० वमोजिमको ढांचामा अभिलेख राख्ने तर्फ सन्वन्धित निकायको ध्यान जानु पर्दछ । यस वर्ष कार्यविधिले तोकेकोभन्दा वढी भएको कन्टिजेन्सी खर्च रु.७९,५८६।– लाई नियमसम्मत मान्न सकिएन ।

**कार्यालयको जवाफ** – तोकिएको सीमाभित्र नै रही खर्च गरेको जनाएको छ ।

कार्यालयले नियमको पालना गरी अभिलेख राखी खर्च गर्नुपर्दछ ।

१६.४. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३१(१)(ख) मा स्थानीय निकायले रनिङ विल वा अन्य कुनै विल वीजकको भुक्तानी दिंदा प्राविधिक नापजांच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम पूंजीगत तर्फ लागत अनुमान रु.१९,५३,७२३।९५ रहेको गुलरिया सडक देखि सोनपुर ३,४ हुँदै रनियापुर सडक निर्माण कार्य सवैभन्दा कम रु.१३,८९,४१६।७६ कवोल गर्ने विष्णु सप्लायर्स एण्ड कन्स्ट्रक्सन संग २०७० असार १५ मा सम्पन्न गर्नेगरी २०६९।१२।२८ मा सम्झौता भएको थियो । कार्यालयले मिति उल्लेख नगरी तयार गरेको नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.१३,०४,१६८।– भुक्तानी गरेकोमा कार्यालयले तयार गरेको पाईयो । कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.१३,०४,१६८।८३ को कार्य सम्पन्न भएको देखाएकोमा भुक्तानी दिंदा ठेक्का विलको पछाडी पृष्ठमा प्राविधिकले Rolling of Graree is to be rectified so additional deposit Rs 97996/65 to be deducted भनी प्रमाणीत गरी वांकी भुक्तानी दिन सिफारिस गरे अनुसार अन्तिम विलको रु.८,९९,७५२।– खर्च लेखेको पाईयो । कामनै पुरा नभएको अवस्थामा कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने र भुक्तानी दिने कार्य नियमसम्मत देखिएन ।

**कार्यालयको जवाफ** – ठेकेदारसंग थप धरौटी राखिएको जनाएको छ ।

१६.५. ग्रामीण पहुंच सुधार तथा विकेन्द्रकरण कार्यक्रम अन्तरगत सडक स्तरोन्नती गर्ने कार्यको लागि जग्गादाताहरुलाई स्वीकृत VDIMP को आधारमा रकम भुक्तानी हुनुपर्दछ । कार्यालयले टिटिहिरिया–सोनपुर सडकका जग्गादाताहरलाई प्रोत्साहन खर्च वितरण वापत SSDC श्री पुष्पराज वाग्लेको रु.८२,०००।– पेशकी फर्स्यौटमध्ये रु.८०,०००।– विभिन्न जग्गादाताहरुलाई वितरण गरेको भरपाई संलग्न भएकोमा स्वीकृत VDIMP पेश हुन आएन । स्वीकृत VDIMP वेगर रकम भुक्तानी गर्दा वास्तवीक जग्गादाता वाहेक अन्यले प्रोत्साहन वापतको रकम पाउन सक्ने देखिंदा भरपाईमा उल्लेखीत नामनामेसी भिडान हुने स्वीकृत VDIMP पेश हुनुपर्दछ ।

**कार्यालयको जवाफ** – प्रमाण पेश गरी सम्परीक्षण गराउने जनाएको छ ।

१६.६. **अधुरा योजना:** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ३१ मा तोकिएको कार्यतालिका अनुसार कार्तिक मसान्तसम्म योजना सम्झौता गरी ज्येष्ठ मसान्तसम्म निर्माण कार्य सम्पन्न गराउनु पर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको विवरण अनुसार यस वर्ष सञ्चालन गरेका योजनाहरुमध्ये निम्नानुसारका योजना सम्पन्न नभएको पाइयो ।

| सि.नं. | ब.शि.न.र कायंक्रमको नाम | सम्पन्न नभएका योजना संख्या | बजेट | खर्च |
|---|---|---|---|---|
| १ | जिविस अनुदान | २ | २३९५८३२.१७ | १३९९८१५.५२ |
| २ | GIZ,DDC | १ | ६७८८८ | – |
| ३ | जनसहभागिता ६०/४० | ५ | ५१७८८८ | ५७४७३ |
| ४ | जिविस कोष | २ | १२५७०५१७.४३ | ८५४४०९१.६६ |
| ५ | जिविस कोष कवाडी | ३ | ३२६९४३०.७१ | १३७२६५७.०० |
| ६ | झोपु | ६ | १६२८३८२७.४४ | ८७०१००.०० |

| | | | | |
|---|---|---|---|---|
| ७ | जिविस कोष राजश्व | २ | ४१६६३८९.०६ | २३४२४७४.६३ |
| ८ | सडक बोर्ड | २ | ४३८९१३१.७८ | २४३२४१९.९२ |
| ९ | RAIDP CI | ३ | २६००००० | १०४११५७ |
| १० | स्थाविम जनसहभागिता | १ | १९४००० | ० |
| ११ | साना सिचाई | २ | ४८५००० | १३३८९४ |
| १२ | शान्तिमन्त्रालय | १ | ४११७५०० | २९०५१५४ |
| | **जम्मा** | ३० | **५१०५७४०५** | **२१०९९२३७** |

कार्यतालिकाको प्रावधान विपरित कार्यालयले निम्नानुसारका योजना ढिला सम्झौता गरेको तथा उपभोक्ता समितिवाट समेत समयमै कार्य सम्पन्न गर्न तत्परता नदेखाउंदा आर्थिक वर्षको अन्त्यसम्म पनि योजनाहरु सम्पन्न हुन नसक्नुनै यसको प्रमुख कारण देखिन्छ । जसले गर्दा आगामी बर्षलाई दायित्व सर्ने र आ.ब.को अन्त्य अर्थात वर्षात्को समयमा कार्य गराउंदा गुणस्तर कायम गर्न कठिनाई हुने अवस्था देखिन्छ । यस सम्बन्धमा कार्यविधिको पूर्णपालना गरी समयमै योजना सम्झौता तथा कार्यान्वयन हुनुपर्ने देखिन्छ ।

**कार्यालयको जवाफ** – योजनाहरु समयमै सम्पन्न गराउनु यथासक्य प्रयास गरिने जनाएको छ ।

१६.७. **Day work र प्रोभिजनलसम :–** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ मा खर्च प्रमाणीत हुने विलभरपाई संलग्न गरी लेखाराख्नुपर्ने उल्लेख छ । कार्यालयले ग्रामीण पहुंच सुधार तथा विकेन्द्रीकरण कार्यक्रम, चालुखर्च (RAIDP) तर्फ निम्नानुसारको Day work र प्रोभिजलन समको आइटमको भुक्तानीमा वास्तवीक आइटमको भुक्तानीमा वास्तवीक खर्च प्रमाणीत हुने विलभरपाई संलग्न नगरी रु.८४,४००।– भुक्तानी गरेको छ । वास्तवीक खर्च खुल्ने विलभरपाई संलग्न नगरी भुक्तानी गरेको कारण नियमको पालना नहुने, निर्माण व्यवसायीलाई वढी भुक्तनीहुने भई थप व्यभार हुने देखिन्छ । खर्च प्रमाणीत हुने विल भरपाई वेगरको खर्च सम्वन्धितबाट असुल हुनुपर्दछ ।

| ठे.नं. | निर्माण व्यवसायी | भुक्तानी भौ.नं./मिति | Day work को ..... | Relocation Service | सामग्री ( वालुवा) | भुक्तानी |
|---|---|---|---|---|---|---|
| २.४/R1/०६८/६९ | महलक्ष्मी कन्स्ट्रक्शन | ५- ०६९/७/२० | – | १००००.० | – | १००००.० |
| २.४/R1/०६८/६९ | महलक्ष्मी कन्स्ट्रक्शन | १४-० ६९/११/१ | १७,५००.०० | – | – | १७५००.० |
| २.६/R1/०६८/६९ | अमर कन्स्ट्रक्शन | ९९-०७०/३/३० | ६,९००.०० | – | ५००००.० | ५६९००.० |
| | | **जम्मा** | २४४०० | १०,००० | ५०००० | ८४४०० |

**कार्यालयको जवाफ** – बिल भरपाई पेश गर्न पत्राचार भइरहेको जनाएको छ ।

१६.८. **अन्तिम विल -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३१ को उपनियम १ (ख) मा प्राविधिक नाप जांच गरी नापी किताव (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा विलको भुक्तानी गर्नुपर्ने उल्लेख छ भने उपनियम १(ग) मा खरिद सम्झौतामा सम्पन्न कार्य मापन गर्ने सुचकाङ्क तोकिएकोमा त्यस्तो सुचकाङ्क प्राप्त भएपछी र नतोकिएकोमा सम्पन्न भएको कार्यको आधारमा भुक्तानी हुनुपर्ने उल्लेख छ । कार्यालयले च्यामा–सम्झना चोक खजुरा–राधापुर खण्डको सडक स्तरोन्नती गर्ने कार्यको लागि निर्माण व्यवसायी महालक्ष्मी कन्स्ट्रक्शनलाई अन्तिम विल भुक्तानी गर्दा कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख तथा नापी समेत नभएको Supply and Place permanent Traffic Sign आइटमको रु.४४,८००।– मा मु.अ.कर सहित रु.५०,६२४।– भुक्तानी भएको छ । नापी तथा कार्यसम्पन्न प्रतिवेदनमा समावेश नभएको आइटमको आन्तिम विलमा समावेश गरी भुक्तानी गरेको कारण व्यवसायीलार्य वढी भुक्तानी देखिएकोले उक्त भुक्तानी रकम सम्वन्धितबाट असुल हुनुपर्दछ ।

**कार्यालयको जवाफ** – प्रमाण पेश गरी सम्परीक्षण गर्ने जनाएको छ ।

१६.९. **विभिन्न ग्राभेल, Binding materials –** नेपाल सरकार निर्माण तथा यातायात मन्त्रालयको दर विश्लेषण नर्मस (संसोधन समेत) मा सडकको काम अन्तरगत १२ (अ.घ) मा कुटेको ढुंगा, वालुवा, क्लेको बेसकोर्स ( क्ले वाउण्ड मेकेडम) ओछ्याउने, ढुंगालाई तहामिलाई फैलाउने १० मि.सम्म ढुवानी गर्ने समेत कार्य

अन्तरगत १२% वाइण्डीङ्ग मेटेरियल हुने व्यवस्था छ । सोही अनुसार ठे.नं. २.४/R1/०६८/६९ अन्तरगत च्यामा–सम्झना चोक–राधापुर सडक खण्डको सडक स्तरोन्नती कार्यको लागि ग्राभेल कार्यको कूल नापी मध्ये १२% Binding material र बांकी ग्राभेल कार्य गरी नापी र भुक्तानी भएको छ । सोही वमोजिमको आइटमहरु उल्लेख भएको ठे.नं. २.५/R1/०६८/६९ वाट महेन्द्रनगर–हिरमिनियां –होलिया सडकको ग्राभेल कार्यको चौथो विलसम्म ६७८५.२५ घन मिटर भएकोमा Binding को अनुपतिक हिसावले गणना नगरी सवै ग्राभेल आइटममा भुक्तानी गरेको छ । निर्माण व्यवसायीले पेश गरेको दररेटमा ग्राभेलको (आइटम नं. ४.२) प्रति घनमिटर रु. १४००।– र Binding (आइटम नं. ४.४) को प्रति घनमिटर रु. ५०।– कवोल गरेको छ । नमर्स र ठे.नं. २.४ मा नापी तथा भुक्तानी भएको अनुपात गणना गर्दा एउटै निकायवाट समान प्रकृतिको काममा फरक तरिकाले प्राविधिक मुल्याङ्कन (नापी) गरी भुक्तानी गरेको कारण Binding materials तर्फ ८१४.२३ घन मि. हुने उक्त भुक्तानी ग्राभेल आइटमको कवोल दरमानै भुक्तानी गर्दा प्रति घन मि. रु. १३५०।– (१४००– ५०) ले हुने रु. १०,९९,२१०।५० मा मु.अ.कर थप १,४२,८९७।३६ समेत जम्मा रकम रु. १२,४२,१०७।८६ वढी भुक्तनी हुन गएको देखीन्छ । वढी भुक्तानी देखिएको सम्वन्धितवाट असुल हुनुपर्दछ ।

**कार्यालयको जवाफ** – भेरिएशन अर्डर नं.२ बाट भुक्तानी भएको जनाएको छ ।

१६.१०. **जेठीनाला पक्कीपुल :–** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ११९(ख) वमोजिम सम्झौता वमोजिमको कार्य कार्यतालिका पेश गरी सोही वमोजिम कार्य गर्नुपर्ने उल्लेख छ भने ठेक्का सम्झौतामा ३ milestone मा विभाजन गरी एकतिहाई समय भित्र १५% २ तिहाई समयभिभत्र ५०% कार्यसम्पन्न हुनुपर्ने म्यादभित्र बांकी काम सम्पन्न गर्नुपर्ने र नगरेमा सम्झौता अंकको क्रमश ०.००५%, ०.०२५% र ०.०५% का दरले हर्जाना असुल गनेए गथरी पूर्व निर्धारित क्षतिपूर्तिको व्यवस्था गरेको छ । रु.१,१६,२२,७०८।८४ को लागत अनुमान स्वीकृत भइ रु. ९९,९९,१९९।१४ को सम्झौता मूल्यमा २९ अप्रिल २०१३ मा कार्यसम्पन्न गर्ने गरी



३० अप्रिल २०१२ मा निर्माण व्यवसायी ईलाइट/सूर्य जे.भी.संग सम्झौता भएकोमा लेखापरीक्षण अवधी २०७०/१०/२७ सम्म पनि कार्यसम्पन्न भएको पाईएन । कार्यालयका इन्जिनियरले २०६९/१/४ मा वन्दहडताल, तेल अभाव, राष्ट्रिय चाडवाड आदिका कारण देखाई प्रथम पटक प्र.जि.ई.बाट २०७०/६/१३ सम्म म्याद थप भएको पाईयो । ठेक्का सम्झौताको शर्तमाजिम माइलस्टोन पुरानगरेकोमा पूर्व निर्धारीत क्षतिपूर्ति गणना गरी असुल हुनुपर्नेमा पर्याप्त र उचित कारण वेगर म्याद थप भएको पाइयो । कार्यालयले माइलस्टोनगत रुपमा कार्यप्रगति देखीने विवरण तथा Progress Curve संलग्न नगरेको कारण माइलस्टोनमा हर्जना यकिन गर्न सकिएन । मिति २०७०/१०/२० मा स्थलगत निरिक्षण गर्दा पुल निर्माणाधिन अवस्थामानै रहेको पाइयो । निर्माण व्यवसायीवाट कार्यतालिका वमोजिम काम नगरेको र समयमा कार्यसम्पन्न गराउन कार्यालयवाट पर्याप्त ताकेता समेत नगर्ने, पर्याप्त कारण वेगर म्याद थप गरेको कारण उक्त योजना समयमा सम्पन्न नभएको साथै आयोजना अवधी समाप्त भैसकेको अवस्थामा सोधभर्ना नहुने देखिन्छ । नेपाल सरकार (जि.वि.स.समेत) लाई अतिरिक्त दायीत्व थपहुने देखिन्छ । माइलस्टोनगत प्रगती विवरण यकिन गरी पूर्वनिर्धारीत क्षतिपूर्ति असुल गरी योजना सम्पन्न गराउन कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

**कार्यालयको जवाफ** – निर्धारित समयभित्रै कार्यसम्पन्न गर्न ताकेता गरिएको जनाएको छ ।

१६.११. **भेरिएशन :–** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५० (क) मा निर्माण कार्यको ड्रइङ डिजाइन तथा स्पेशिफिकेशन आदी वदल्नुनपर्ने तर कामको परिमाणमात्र थपघट हुने अवस्थामा सम्झौता मुल्यको १०% सम्मको भेरिएशन आदेश पर्याप्त प्राविधिक पुष्ट्याांई सहित सम्वन्धित पदाधिकारीको सिफारीसमा सचिवले जारी गर्नेछ । सो भन्दा वढी थपघट गर्नुपरेमा प्राविधिक पुष्ट्याांई पेश गरी जिल्ला विकास समितिवाट स्वीकृत गराउनु पर्नेछ भन्ने उल्लेख छ । यसै गरी ग्रामीण पहुंच सुधार तथा विकेन्द्रकरण

कार्यक्रम अन्तरगत सञ्चालित योजनाको भेरिएशन आदेश गर्दा केन्द्रिय समन्वय इकाईको सहमती लिनुपर्ने व्यवस्था छ । यो वर्ष सञ्चालित ठे.नं. २.४/R1/०६८/६९ बाट चायामा–सम्भना–खजुरा–राधापुर सडक स्तरोन्नतीको लाग निर्माण व्यवसायी महलक्ष्मी कन्स्ट्रक्शनसंग रु.२,१४,८५,१११।१७ मा ठेक्का सम्झौता भएकोमा रु.२,२४,८०८,८१८।२३ को कार्यसम्पन्न भएको पाइयो । सम्झौता मुल्य भन्दा ४.७६% ले हुने रु.१०,२२,७०७।०६ वढीको कार्य भएकोमा नियमानुसार भेरिएशन आदेश स्वीकृत भएको पाइएन । आयोजना समन्वय इकाईको मिति २०७०।५।२७ को पत्रवाट रु.२५,३९,५३०।५५ को भेरिएशन आदेश त्याहांवाटै स्वीकृत गरी निर्माण कार्य अधि बढाउन सहमति दिएकोमा १५ जुलाई २०१३ (२०७०।३।३०) मा नै कार्यसम्पन्न भएको प्रतिवेदन तयारी गरी अन्तिम विल भुक्तानी भएको छ । आयोजना समन्वय इकाईवाट ढिलो सहमति प्राप्त भएको तथा भेरिएशन आदेश स्वीकृत नगरी थप कार्यगराई भुक्तानी दिनु नियमसम्मत देखिएकन । तसर्थ रु.१०,२२,७०७।०६ थपकार्यको भुक्तानी सम्वन्धमा प्राविधिक पुष्ट्यांई सहित नियमानुसार भेरिएशन आदेश स्वीकृत भई नियमित हुनुपर्दछ ।

**कार्यालयको जवाफ** – भेरिएशन तयार गरी केन्द्रीय कार्यालयबाट सहमति लिई कार्य गरेको जनाएको छ ।

१६.१२. **बीमा:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२० अनुसार खरिद सम्झौतामा अन्यथा व्यवस्था बाहेक दस लाख रुपैयांभन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले विमा गराउनु पर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

१६.१२.१. **बीमा प्रावधान**: कार्यालय वाट संचालित निम्न बजेट शिर्षकवाट संचालित निम्न योजनाहरुको ठेक्का व्यवस्थापन गर्न लागत अनुमान तयार गर्दा र ठेक्का सम्झौता गर्दा विमा प्रावधाननै नराखी ठेक्का सम्झौता गरी कार्यान्वयन गराएको पाईयो जसका केही उदाहरण निम्नानुसार छन् ।

| कार्यक्रमको नाम | योजनाको नाम | कार्यालयको ल.ई | निर्माण व्यवसायी | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| स्थानीय यातायात पूर्वाधार चालु | कम्दी कचनापुर सडक ग्राभेल कार्य | १८५११५३/१७ भि.ओ समेत | ओम निर्माण सेवा | १८५११५३/१७ | १८४०१९१/७० |
| ग्रामीण खानेपानी तथा सरसफाई का. | बैजापुर नयांगाउं खानेपानी योजना | ३७६४४५२/९५ | राजन निर्माण सेवा | २२०८९९१/२९ | २३३९८२६/- |
| सडक बोर्ड | नेपालगंज परसपुर गौघाट सडक | २८६८०४०/३४ | ओली विल्डर्स | १४६६६२७/- | १४६२३८९/- |
| ,, | परसपुर गौघाट सडक | ३०११३९४/५६ | राज विल्डर्स | १६३४००२/६० | १४४०००/- पेश्की |

१६.१२.२. **बीमा प्रावधान**: कार्यालयवाट संचालित निम्न बजेट शिर्षकवाट संचालित निम्न योजनाहरुको ठेक्का व्यवस्थापन गर्न लागत अनुमान तयार गर्दा र ठेक्का सम्झौता गर्दा विमा प्रावधाननै नराखी ठेक्का सम्झौता गरी कार्यान्वयन गराएको पाईयो जसका केही उदाहरण निम्नानुसार छन् ।

| कार्यक्रमको नाम | योजनाको नाम | कार्यालयको ल.ई | निर्माण व्यवसायी | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| स्थानीय यातायात पूर्वाधार चालु | कम्दी कचनापुर सडक ग्राभेल कार्य | १८५११५३/१७ भि.ओ समेत | ओम निर्माण सेवा | १८५११५३/१७ | १८४०१९१/७० |
| ग्रामीण खानेपानी तथा सरसफाई का. | बैजापुर नयांगाउं खानेपानी योजना | ३७६४४५२/९५ | राजन निर्माण सेवा | २२०८९९१/२९ | २३३९८२६/- |
| सडक बोर्ड | नेपालगंज परसपुर गौघाट सडक | २८६८०४०/३४ | ओली विल्डर्स | १४६६६२७/- | १४६२३८९/- |
| ,, | परसपुर गौघाट सडक | ३०११३९४/५६ | राज विल्डर्स | १६३४००२/६० | १४४०००/- पेश्की |

यसरी लागत अनुमान तयार गर्दा र निर्माणव्यवसायी संग सम्झौता गर्दा विमा नहुनु तथा लागत अनुमानमा विमा प्रावधान भएको अवस्थामा पनि विमा नगर्नुमा नियमको पालना नगर्नुनै देखिन्छ । कार्यालयले नियमावली अनुरुप लागत अनुमान तयार गर्दा विमा प्रयोजन नराख्ने र विमा प्रावधान राखेकोमा योजना सम्झौता गर्दा पनि विमा प्रावधान नराख्ने, कार्यालय तथा निर्माण व्यवसायीले नियमको पालना नगरी योजना कार्यान्वयन गर्दा भविष्यमा हुने सम्भावित जोखिम र क्षतिको न्यूनीकरण तथा बहन कसले व्यहोर्ने अन्यौल हुनुका साथै कार्यालयलाई थप दायित्व पर्न सक्ने अवस्था रहन्छ । अत: कानूनको पालना गर्ने गराउने तर्फ सम्बन्धित सम्झौताका पक्षहरुको ध्यान जानु जरुरी छ ।

**कार्यालयको जवाफ** – प्राप्त सुझाव अनुसार यस वर्षदेखि कार्यान्वयन गरिने जनाएको छ ।

१६.१३. **पूर्वनिर्धारित क्षतिपूर्ति**: सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६(२)अनुसार काबु बाहिरको परिस्थिती परी सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि नवढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदन बमोजिम अधिकार प्राप्त अधिकारीले तोकिएको आधारमा अवधि बढाउन सक्नेछ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१(क) अनुसार आपूर्तीकर्ता, परामर्शदाता वा सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको शुन्य दशमलव शुन्य पाच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ ।

सडक वोर्ड कार्यक्रमतर्फ लागत अनुमान रु.२२,२९,९५८।९८ मू.अ.कर समेत लागत अनुमान जैसपुर–पंचपोखरा–साईगाउं सडक मर्मत कार्य रु.८,६०,७२१।– मू.अ.कर समेतमा २०६९ जेठ मसान्तसम्मा सम्पन्न गर्ने गरी मिति २०६९।१।४ मा बि सेभेन कन्स्ट्रक्सन संग सम्झौता भएको थियो । तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकेकोमा निर्माण व्यवसायीले म्याद थप गर्न निवेदन समेत नदिएको र कार्यालयले पनि तोकिएको सयममा कार्य सम्पन्न गराउन ताकेता गरेको पाईएन । कार्य सम्पन्न प्रतिवेदन अनुसार मू.अ.कर बाहेक रु.६७०,१२५।– वरावरको कार्य मिति २०७०।३।२५ मा अन्तिम विलको रु.७,५७,२४१।– मु.अ.कर समेत भुक्तानी गरेको छ । म्याद थप नभएको अवस्थामा समेत कार्यसम्पन्न प्रतिवेदन तथा अन्तिम विलको आधारमा हर्जना कट्टी नगरी पुरै रकम  भुक्तानी नगर्नुनै यसको प्रमुख कारण देखिन्छ । जसले गर्दा ऐन, नियममा भएको व्यवस्था परिपालना नहुने तथा नियमको पालनामा ध्यान नदिने प्रबृत्तिको विकास हुने अवस्था रहन्छ ।

कानून बमोजिम म्याद थप नभई भुक्तानी भएकोले मू.अ.क.रकम बाहेक सम्झौता रकम रु.७,६१,७००।– मा प्रति दिन शुन्य दशमलव शुन्य पांच प्रतिशतले सम्झौताको मूल्यको १० प्रतिशतमा नबढने गरी ३९० दिनको हुने रु.७६,१७०।– हर्जाना रकम सम्बन्धितवाट असूल हुनुपर्दछ ।

**कार्यालयको जवाफ** – सडक बोर्डबाट रकम निकासा ढिलो भएकोले ढिलो भुक्तानी भएको जनाएको छ ।

१६.१४. **योजना हस्तान्तरण:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(५)(ज) को प्रावधान अनुरुप उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि सो को रेखदेख मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । कार्यालयवाट प्राप्त बिबरण अनुसार यस बर्ष संचालित योजनाहरुका अवस्था  देहाय अनुसार रहेको छ ।

| क्र.सं. | ब.शि.न.र कायंक्रमको नाम | सञ्चालित योजना संख्या | सम्पन्न योजना संख्या | बजेट | खचं | सम्पन्न नभएका योजना संख्या | सम्पन्न मध्ये हस्तान्तरण भएका योजना संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | जिविस अनुदान | १२ | १० | १७०६६८६३.६ | १५५१७८३८ | २ | नभएको |
| २ | GIZ,DDC | २ | १ | २७६०१९५२.६ | २५०२५५०० | १ | ,, |
| ३ | गुम्बा समिति | १ | १ | ५०००० | ५०००० | | ,, |
| ४ | जनसहभागिता ६०/४० | १५ | १० | १७८९७५४ | १४७९३३९ | ५ | ,, |
| ५ | जिविस कोष | ३ | १ | १३५३६७७३.४ | ९५०२६९७ | २ | ,, |
| ६ | कवाडी | ४ | १ | ३७५६४५४.९९ | १८५९६७२ | ३ | ,, |
| ७ | झोपु | ७ | १ | ५६५९३६९.९ | १५१८९८३ | ६ | ,, |
| ८ | जिविस कोष राजश्व | ६ | ४ | ८२५३३७३.७८ | ६४२२०२७ | २ | ,, |
| ९ | सडक बोर्ड | ४ | २ | ६६४८२६४.२८ | ४६८४३२२ | २ | ,, |
| १० | खानेपानी | १ | १ | ४१११९४.३८ | ४१०२०३.६ | | ,, |
| ११ | स्थानीय यातायात | ६ | ६ | ९२५४१९३.७७ | ७००७२९९ | | ,, |
| १२ | RAIDP CI | ५ | २ | १५६५४२२७.४ | १११६९४९८ | ३ | ,, |
| १३ | विद्युत रोयल्टी | ३ | ३ | १२००००० | १२००००० | | ,, |
| १४ | LGCDP | १ | १ | २००००० | २००००० | | ,, |
| १५ | मर्मत सम्भार | १ | १ | १००००० | १००००० | | ,, |
| १६ | स्थाविम जनसहभागिता | ४ | ३ | ३८८०००० | २९१०००० | १ | ,, |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७ | साना सिचाई | ३ | १ | ७८००००० | ६००००० | २ | " |
| १८ | शान्तिमन्त्रालय | ७ | ६ | ६२५८२३१ | ५०४५८८५ | १ | " |
| जम्मा | | ८५ | ५५ | १२९१२०६५३ | ९४७०३२६५ | ३० | |

उल्लेखित १८ कार्यक्रमहरुबाट ८५ योजनाको लागि रु.१२,९१,२०,६५३।–बजेट विनियोजन गरी रु.९,४७,०३,२६५।– खर्च गरेकोमा ३० योजनाहरु सम्पन्ननै नभएको पाइयो । सम्पन्न ५५ योजनाहरु उपभोक्ता समितिहरुलाई मर्मत संभार र रेखदेखको जिम्मेवारी दिई हस्तान्तरण गरिएको पाइएन । यसरी सम्पन्न योजना सम्बन्धित लाभग्राही समुदायलाई हस्तान्तरण नहुनुमा योजना उ.स.लाई हस्तान्तरण गर्नु पर्दछ भन्ने भावनाको विकास नहुनु नै प्रमुख कारण रहेको छ । जसले गर्दा योजनाको मर्मत सम्भार र योजना प्रति उ.स.को अपनत्व नबढ्ने अवस्था सिर्जना हुने गर्दछ । अतः सम्पन्न योजना सम्बन्धित लाभदायी समुदायलाई हस्तान्तरण गर्ने र उक्त योजनाको मर्मत सम्भारको जिम्मा पनि उनीहरुलाई नै दिने तर्फ सम्बन्धित निकायको ध्यान जानु जरुरी देखिन्छ ।

**कार्यालयको जवाफ** – सुझाव अनुसार कार्यान्वयन गरिने जनाएको छ ।

१६.१५. **योजनामा ५ लाखभन्दा कम विनियोजनः** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ११(२) मा आर्थिक सामाजिक एवम् पूर्वाधार विकास कार्यक्रम अन्तर्गत विनियोजन भएको रकमवाट जिल्ला विकास समितिले ५ लाखभन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नहुने व्यवस्था छ । कार्यालयले यस वर्ष जि.वि.स.कोष पूंजीगत लगायत निम्न केन्द्रिय शिर्षकको अनुदान रकम विनियोजन गर्दा कार्यविधि विपरीत रु.५ लाखभन्दा कमका योजनाहरुलाई निम्नानुसार बजेट विनियोजन गरेको पाइयो ।

| सि.नं. | कार्यक्रम | योजनाको संख्या | ल.ई | जिविसको अनुदान |
|---|---|---|---|---|
| १ | RAIDP CI | १ | ४७५१५२.०० | ३५००००.०० |
| २ | जिविस अनुदान | २ | १०३८५३८.९९ | ९९७५४०.९३ |
| ३ | मर्मत सम्भार | १ | १२७२९६.०० | १०००००.०० |
| ४ | जनसहभागिता ६०।४० | १३ | ३०६७८६०.०० | १७२१८६६.०० |
| ५ | साना सिचाई | ३ | ९२५६७३.०० | ८०००००.०० |
| ६ | विद्युत रोयल्टी | ३ | १२५३४८८.०० | १२०००००.०० |
| ७ | GIZ,DDC | १ | २३०८८७.०० | १८४७०९.०० |
| ८ | LGCDP | १ | २८१२३८.०० | २०००००.०० |
| ९ | जिविस कोष कवाडी | २ | ९८६४७४.९९ | ९८५७९९.२३ |
| १० | गुम्बा समिति | १ | ७८९२६.०० | ५००००.०० |
| ११ | खानेपानी | १ | ४१११९४.३८ | ४१०२०३.५७ |
| १२ | स्थाविम,शान्तिमन्त्रालय | ३ | ८३८९२०.०० | ८४३४३३.०० |
| **जम्मा** | | **३२** | **९७१५६४८.३६** | **७८४३५५१.७३** |

कार्यविधिको पालना नगरी उपर्युक्तानुसारका १२ शिर्षकमा रु.९७,१५,६४८।३६ लागत अनुमान तयार गरी ३२ योजनाहरुलाई रु.७८,४३,५५१।७३ विनियोजन गरेको देखिन्छ । रु.५ लाखभन्दा कमका योजनाहरु छनौट हुंदा एकातर्फ कार्यविधिको पालना गर्नमा उदासिनता देखिनुको साथै, जनताको आवश्यकता भन्दा कम काम हुने, गुणस्तरीय काम नहुने तथा हचुवाको भरमा योजना छनौट गरी दामासाहीले बजेट विनियोजन गर्ने प्रणालीको विकास हुने देखिन्छ । अतः कार्यविधिको पालना गरी आवश्यकता र प्राथमिकता क्रम निर्धारण गरी परिषदवाट रु.५ लाखभन्दा बढीका योजना मात्र छनौट गरी योजनागत रुपमा बजेट बांडफांड हुनुपर्दछ ।

**कार्यालयको जवाफ** – पाँच लाखभन्दा घटीका योजनाहरु केन्द्रबाटै स्वीकृत भई आउने जनाएको छ ।

१६.१६. **अन्य कार्यालयको खर्च :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ६ मा मातहत कार्यालयको लागि तालुक मन्त्रालय/विभागवाट रकम खर्च गर्ने अख्तियारी दिने र मातहतका कार्यालयले तालुक कार्यालयवाट प्राप्त अख्तियारीको सिमा भित्र रहेर खर्च गर्नुपर्ने उल्लेख छ । जिल्ला विकास समिति अनुदान कार्यक्रमवाट निम्नानुसारका छुट्टै अस्तित्व र वजेट व्यवस्था भएका जिल्ला स्थित अन्य कार्यालय मार्फत निम्नानुसारका कार्य गराएको भनी खर्च लेखेको पाइयो ।

| भौ.नं. मिति | खर्च व्यहोरिएको कार्यालय | खर्चको प्रयोजन | खर्च रकम |
|---|---|---|---|
| ३५२-०७०/३/२५ | जि.पशु कार्यालय, बांके | नश्ल सुधार | ४००००० |
| ३४२-०७०/३/२५ | बनस्पती कार्यालय | विरुवा उत्पादन | ५०००० |
| ३६२-०७०/३/२५ | जिल्ला वन कार्यालय | बन संरक्षण तथा बृक्षारोपण कार्य | ४००००० |
| | | | ८५००००/- |

नियमको पालना नगरी सामानान्तर हैसियत भएका कार्यालयलाई कार्यक्रम गराई भुक्तानी दिनुनै यसको प्रमुख कारण रहेको देखिन्छ । यसरी रकम खर्च गर्दा जि.वि.स.को आफ्नो विकास निर्माण सम्वन्धि वजेट व्यवस्थापनमा चाप पर्ने, कार्यालयले प्रदान गर्ने सेवाप्रवाहमा असर पर्ने र अख्तियारीको सिमा भित्र नपर्ने, तथा एउटै कार्यक्रमको लागि दोहोरो खर्च लेखिने सम्भावना रहन्छ । अतः नियम विपरीत रु.८५,०००।– लेखेको खर्च नियमसम्मत देखिएन ।

**कार्यालयको जवाफ** – साझेदारी कार्यक्रम अन्तर्गत रही खर्च लेखेको जनाएको छ ।

१६.१७. **अनुदान खर्चः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ बमोजिम अधिकार प्राप्त अधिकारीले खर्च गर्दा खर्चको विल भरपाईका साथ प्राविधिक मूल्याङ्कन, कार्य सम्पन्न प्रतिवेदन सहित श्रेस्ता राख्नु पर्ने व्यवस्था गरेको छ । कार्यालयले बिभिन्न कार्यक्रम संचालनको लागि प्राप्त शसर्त अनुदान रकम विल भरपाई नआउने गरी अनुदान स्वरुप सम्बन्धित गाविस.को खातामा रु.११,५८,०००।– जम्मा गरेको छ ।

| कार्यक्रमको नाम | योजना संख्या | अनुदान रकम |
|---|---|---|
| ग्रामीण खानेपानी तथा सरसफाई | ६ | ४८५००० |
| जि.वि.स. अनुदान | ७ | ६७३००० |
| **जम्माः** | **१३** | **११,५८,०००/-** |

परिषद्वाट कार्यक्रम तथा योजना किटनी साथ नतोकी नियमावलीको प्रावधान विपरित विल भरपाई नआउने गरी बिभिन्न मितिमा पटके निर्णय गरी साना योजनाहरुको लागि सम्बन्धित गा.वि.स.हरुको खातामा रकम उपलव्ध गराउनुनै यसको प्रमुख कारण रहेको देखिन्छ । यसरी विल भरपाई नआउने गरी अनुदान दिंदा र प्राविधिक मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन तथा अनुगमन प्रतिवेदन समेत प्राप्त नगरेको अवस्थामा वास्तविक उपलव्धी प्राप्त भयो भनी आश्वस्त हुने अवस्था छैन । अतः कार्यालयले आगामी दिनमा प्राथमिकताका तोकी परिषदवाट योजना तोक्नकु साथै अनुदान दिएको रकमवाट भए गरेका कामको अनुगमन प्रतिवेदनका साथै विलभरपाई, प्राविधिक मूल्याङ्कन सहित कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

**कार्यालयको जवाफ** – खुला दिशामुक्त घोषणा गर्ने कार्यक्रम अन्तर्गत अनुदान दिएको जनाएको छ ।

१६.१८. लैङ्गिक समानता सम्बन्धि अनुशिक्षण गोष्ठि संचालन गर्दा भएको रु.३२,६८०।– खर्च मा अनुशिक्षण कार्यक्रमको प्रस्तावना, कार्यक्रमको समयतालिका, तालिमका सहभागीहरुको उपस्थिति हाजिरी, कार्यपत्रको प्रतिलिपी, तालिमको प्रतिवेदन वेगर निम्नानुसारको व्यक्तिहरुहरुलाई कर कटाई निम्नानुसार रु.३०,२२०।– भुक्तानी गरेको पाइयो ।

| भुक्तानी लिनेको नाम | वापत | भुक्तानी रकम | कर रकम | कार्यपत्र | खुद भुक्तानी |
|---|---|---|---|---|---|
| विश्वराज डोटेल | हलभाडा वापत | ३००० | ३०० | | २७०० |
| विश्वराज डोटेल | प्रशिक्षण | ३६०० | ५४० | १५०० | ४५६० |
| जिवनाथ पोखरेल | प्रशिक्षण | १०८०० | १६२० | ४५०० | १३६८० |
| जिवनाथ पोखरेल | दै.भ्र.भ. | ९२८० | ० | | ९२८० |
| | **जम्मा** | **२६६८०** | **२४६०** | **६०००** | **३०२२०** |

कार्यक्रम गरेको प्रमाण आधार वेगर खर्च लेखिनु नै यसको प्रमुख कारण देखिन्छ । जसले गर्दा बास्तविक रुपमा कार्यक्रम नभएको अवस्थामा पनि भुक्तानी हुन सक्ने अवस्था रहने, अनावश्यक बढी खर्च लेखिने सम्भावना रहन्छ । अत: कार्यक्रम संचालन भएको आधार प्रमाण वेगर लेखेको खर्च सम्बन्धितवाट असूल हुनुपर्दछ ।

**कार्यालयको जवाफ** – स्रेस्ता मन्त्रालयमा पठाएको जनाएको छ ।

१७. **आन्तरिक आय व्यवस्थापन**

१७.१. **आन्तरिक आयतर्फः** जिल्ला विकास समितिको कार्यालय बांकेमा यस वर्ष कर दस्तुर, सेवा शुल्क र भाडावाट रु.३,१४,७३,८३१/- आम्दानी भएको बिबरण प्राप्त भएको छ । उक्त आयमध्ये स्थानीय कर सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

१७.२. **बक्यौता सम्बन्धमा:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली , २०६४ को नियम १७२(१)मा स्थानीय निकायले विभिन्न कारणबाट असूल हुन नसकी बाकी रहेको बक्यौता रकम असूल गर्न वक्यौता असूली कार्य योजना बनाई रकम असूल उपर गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट प्राप्त बिबरण अनुसार गत विगत वर्षदेखि बिभिन्न १६ व्यक्ति तथा फर्मसंग बांकी रहेको २५,५७,७०७– बक्यौता रकम असुल गर्नुपर्ने भनी गत विगत वर्षको म.ले.प. प्रतिवेदनले समेत औंल्याएकोमा त्यसमा सुधार भएको देखिएन । अत: उक्त बक्यौता रकम असुल गर्न कार्यालयले विशेष पहल गर्नु पर्ने देखिन्छ ।

**कार्यालयको जवाफ** – बक्यौता रकम असुलीलाई प्रभावकारी बनाउने जनाएको छ ।

१७.३. **परिमाण नियन्त्रण**: स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६७ उपनियम ४ (क)मा आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलव्धता, सम्भावित परिचालन, सो स्रोत परिचालनको व्यवस्थापन तथा लागत र चालु बर्षको ठेक्का अंक समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक अंक र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्ययोजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ४(ङ)(४) मा आन्तरिक आय ठेक्का व्यवस्थापनको लागि सूचना प्रकाशित गर्दा श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिमाण खोल्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न क्षेत्रको ढुंगा, बालुवा, गिट्टी, ग्राभेल आदिको लागि ठेक्का व्यवस्थापन गरेकोमा ठेकेदारले मासिक रुपमा पेश गरेको निकासी गरेको परिमाण आधार मानेको देखियो । गत विगत वर्षको म.ले.प. प्रतिवेदनले औंल्याएको व्यहोरा पालना गरी निकासी परिमाण यकिन गरेको पाईएन ।

**कार्यालयको जवाफ** – नगदी रसीद मगाई भिडान गरिने जनाएको छ ।

१७.४. **IEE परिमाण:** जिल्ला भित्रका प्राकृतिक श्रोत साधनहरुको उचित संरक्षण र सम्बर्द्धन गरी वातावरणीय प्रभावमा असर नपर्ने गरी उत्खनन विक्री वितरण तथा निकासी गर्ने अधिकार स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१८ र नियमावली २०५६ को नियम २१० मा जिल्ला विकास समितिमा रहेको पाईन्छ । IEE प्रतिवेदन २०६९।३।२० मा स्वीकृत भई आन्तरिक आयको ठेक्का व्यवस्थापन हुँदै आएपनि ठेक्का व्यवस्थापन भएका क्षेत्रबाट के कति परिमाणका ढुंगा, बालुवा, गिट्टी विक्री भयो सोको प्रभावकारी अनुगमन, निरीक्षण र नियन्त्रण प्रणालीको व्यवस्था जि.वि.स.ले गरेको पाईएन । ठेकेदारले खानी, नदी किनार र सार्वजनिक स्थलबाट आफुखुशी तरिकाले ढुंगा बालुवा उत्खनन, विक्रि तथा निकासी गरेकोमा हालसम्म IEE ले तोकेको परिमाण मात्र विक्री वितरण भएको छ भन्न सकिने अवस्था देखिँदैन । जि.वि.स.ले प्रचलित व्यवस्थालाई सुधार गरी IEE तथा EIA ले तोकेको स्थान र परिमाणमा यी वस्तु विक्री गरी प्राकृतिक श्रोत साधनको विबेकपूर्वक दोहन तथा सदुपयोग गर्दै जि.वि.स.को आम्दानी बढाउनेतर्फ ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

**कार्यालयको जवाफ** – समितिले अनुगमन गरी निर्देशन दिने गरेको जनाएको छ ।

१७.५. **सेवा शुल्क**: ढुङ्गा गिट्टी वालुवाको ठेक्का सम्झौता गरी ठेकेदारलाई दिएको ठेक्का चलन पुर्जिको शर्त नं. १ मा ठेकेदारले नियमानुसारको मुल्य अभिवृद्धि कर बाहेक सेवा शुल्क वापत १० प्रतिशत सम्म थप रकम उठाउन पाउने व्यवस्था गरेकोमा सो वापत ठेकेदारले कति शुल्क असूल गऱ्यो सोको विवरण कार्यालयलाई पेश गरेको देखिएन । सो सम्बन्धमा कार्यालयले पनि अनुगमन तथा विवरण पेश गर्न लगाएको छैन । जसले गर्दा सेवा शुल्क वापत उठाएको रकमको कर प्राप्त भयो भएन एकिन गर्न सकिएन । अत: कार्यालयले शुल्क वापत उठेको रकमको अभिलेख विवरण लिई सोमा लाग्ने कर यकिन गरि असूल गर्नुपर्दछ ।

**कार्यालयको जवाफ** – सम्झौता अनुसार १० प्रतिशतसम्म थप रकम उठाउन पाउने जनाएको छ ।

१८. **बित्तिय जोखिम**

१८.१. **फ्रिजः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३३ (क) मा फ्रिज नहुने वजेट उपशिर्षक प्रत्येक वर्ष महालेखा नियन्त्रक कार्यालयले तोकिदिनेछ भन्ने व्यवस्था छ । त्यसरी फ्रिज नहुने गरी तोकिएको उपशिर्षकको हकमा वाहेक साल तमाम हुनुभन्दा कम्तिमा ७ दिन अगाडी नै सम्वन्धित कार्यालयले भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई कारोवार वन्द गर्नुपर्नेछ । आर्थिक कारोवार वन्द गरेपछि निकासा र खर्चको लेखा अद्यावधिक गरी वांकि रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्नेछ ।कार्यालयले यस वर्ष निम्नानुसारका बजेट शिर्षकहरुमा अख्तियारी मार्फत प्राप्त भएको रकम खर्च नभई मौज्दात रहेकोमा जि.वि.स कोष खातामा ट्रान्सफर गरी मौज्दात राखेको पाईयो ।

| बजेट शिर्षक | भौ.नं. मिति | ट्रान्सफर गरी मौज्दात राखेको रकम |
|---|---|---|
| बिद्युत रोयल्टी तथा व्यवस्थापन | ६-२०७०/३/२६ | १,४३,५७३/- |
| जि.वि.स. अनुदान | ४०२-०७०/३/२५ | २३,०९,०८३/- |
| | **जम्माः** | **२४,५२,६५६/-** |

कार्यालयले आर्थिक वर्षको अन्त्यमा बजेट खर्च गर्ने अख्तियारी पाउनु तथा खर्च गर्न नसकेको रकम नियमावली र निर्देशन विपरित कोष खातामा ट्रान्सफर गर्नुनै यसको प्रमुख कारण देखिन्छ । जसले गर्दा प्राप्त रकम जुन प्रयोजनको लागि खर्च गर्न दिइएको हो सो प्रयोजनमा खर्च नहुने तथा खर्च गर्न नसकेको रकम नियमावली तथा निर्देशन विपरित ट्रान्सफर गरी कोष खातामा मौज्दात राख्दै जाने, आर्थिक अनुशासन कायम नहुने तथा वित्तिय जाखिम बढ्ने अवस्था रहन्छ । अत: नियमावली तथा निर्देशन विपरित कोष खातामा ट्रान्सफर गरेको रु.२,४५,२६५।– रकम फ्रिज गरेको प्रमाण पेश हुनुपर्दछ ।

**कार्यालयको जवाफ** – रोयल्टी र कवाडी कर बापतको रकम फ्रिज हुन नपर्ने जनाएको छ ।

१८.२. **मौज्दात रकम** – कार्यालयले स्थानीय यातायात पूर्वधार क्षेत्रगत कार्यक्रम अन्तर्गत विनियोजित रकम खर्च गर्दा स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्याक्रम संचालन निर्देशिका २०६६ को बुंदा नं. ६ अनुसार कूल विनियोजित रकमको कम्तीमा ५% रकम सडक मर्मत संभार कोषमा विनियोजन गरी खर्च गर्नुपर्ने व्यवस्था गरेको छ । निर्देशिका बमोजिम कार्यालयले चालु तथा पूंजीगत शिर्षकवाट सडक मर्मत संभार कोषलाई छुट्याएको रु.२,८८,०००।– आर्थिक वर्षको अन्त्य अर्थात २०७०।३।३१ मा आम्दानी जनाएको पाईयो । नेपाल सरकारको अख्तियारी मार्फत प्राप्त रकम आर्थिक वर्षको अन्त्य सम्म खर्च नभएको अवस्थामा फ्रिज गराउनुपर्नेमा नगराई कोषमा मौज्दात राख्नु नै यसको कारण देखिन्छ । जसले गर्दा प्राप्त रकम जुन प्रयोजनको लागि खर्च गर्न दिइएको हो सो प्रयोजनमा खर्च नहुने तथा खर्च गर्न नसकेको रकम नियमावली तथा निर्देशन विपरित ट्रान्सफर गरी कोष खातामा मौज्दात राख्दै जाने, आर्थिक अनुशासन कायम नहुने तथा वित्तिय जाखिम बढ्ने अवस्था रहन्छ । अत: खर्च नभई मर्मत संभार कोषमा मौज्दात राखेको रु.२,८८,०००।– संचित कोषमा दाखिला गर्नुपर्दछ ।

**कार्यालयको जवाफ** – म्याचिङ फण्डमा राखिएको जनाएको छ ।

१८.३. **गा.वि.स. अनुदान चालु/पूंजीगत**

१८.३.१. **अनुगमन** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ४७(१)(क,ख र ग) मा प्रत्येक आर्थिक वर्षको अन्त्यमा गाऊं विकास समितिमा निकाशा भएको सवै नि:शर्त तथा सशर्त पूंजीगत तथा चालु अनुदानबाट भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई आर्थिक कारोवार बन्द गर्नुपर्ने छ र आर्थिक कारोवार बन्द गरेपछि बांकी रहेको रकम स्थानीय निकायको मूल कोष खातामा फिर्ता गर्नुपर्ने छ । यसरी फिर्ता प्राप्त भएको रकममध्ये नेपाल सरकारवाट फ्रिज गर्न नपर्ने रकम आगामी आर्थिक वर्षको लागि जिम्मेवारी सानुपर्ने र फ्रिज गर्नुपर्ने रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता दिनुपर्ने उल्लेख छ । यस वर्ष जिल्लाका ४६ गाऊं विकास समितिहरुलाई सशर्त र निशर्त चालु रु.१,८०,९४,०००।– तथा पूंजीगत

रु.५,०९,०६,०००।– समेत रु.६,९०,००,०००।– अनुदान खर्च दिएको पाईयो । अनुदान उपलब्ध गराईएको मध्ये कतिपय गा.वि.स.हरुको पहिलो, दोस्रो तथा अन्तिम पूंजीगत अनुदान किस्ता समेत असार महिनाको अन्त्यतिर निकाशा भएको पाइयो । यसरी निकासा दिएको रकम मध्ये खर्च भई वांकी रहेको रकमको गा.वि.स.वाट स्पष्ट अभिलेख प्राप्त हुन सकेको छैन भने सो सम्बन्धमा जिल्ला विकास समितिले पनि अनुगमन गरी यथार्थ विवरण प्राप्त गरेको पाइएन । जसले गर्दा गाऊं बिकास समितिमा निकाशा भएको रकमबाट भए गरेका विकास निर्माणका कार्यहरुको प्रभावकारिता मापन गर्न सक्ने अवस्था देखिएन । अत: सम्बन्धित जिल्ला विकास समितिले दिएको अनुदान रकमको उपयोग र त्यसबाट भए गरेका कार्यहरुको अनुगमन मूल्याङ्कन गर्ने तथा बांकी बजेट नियमावलीको प्रावधान अनुरुप फिर्ता गरी कार्यविधिमा भएको व्यवस्थाको पालना गर्न गराउन सचेत हुनुपर्ने देखिन्छ ।

१८.३.२. कार्यमूलक लेखापरीक्षणको सिलशिलामा नमुना छनौट भएका ९ सहित आन्तरिक लेखापरीक्षणबाट प्रमाणित गरि दिएको १५ मध्ये १० गा.वि.स. हरुले आर्थिक वर्ष २०६८।६९ मा प्राप्त गरेको पूंजीगत अनुदान रकम खर्च नभई मौज्दात रहेकोमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम फिर्ता नगरी मौज्दात राखेको पाइयो ।

| गा.वि.स.को नाम | मौज्दात रकम |
|---|---|
| बैजापुर | ७९१२०.०० |
| चिसापानी | ६८३१९.०० |
| महादेवपुरी | ३११२४८.०० |
| टिटिहिरिया | ३४८९५५.०० |
| उदयपुर | २०९०००.०० |
| बागेश्वरी | ३४५३२०.०० |
| कचनापुर | ३१३३५९.०० |
| नौवस्ता | ५२९२७.०० |
| परसपुर | १७५१७३.०० |
| राधापुर | ३०९२८.०० |
| **जम्मा** | **१९,३४,३४९/-** |

नियममा भएको व्यवस्था पालना नगरे तथा गाउं परिषदवाट आगामी बर्षको योजनाको लागि चालु बर्षको पौष मसान्तमा परिषद् सम्पन्न गराई परिषद्वाट पारित योजनाहरुको कार्यान्वयन आर्थिक वर्षको सुरुदेखिनै गर्नुपर्नेमा सो बमोजिम नगरी चालु बर्षको कार्यक्रम सोही बर्षको परिषद्वाट पारित गराई कार्यान्वयन गर्नु तथा आ.ब.को अन्त्यमा निकासा हुने कारणले उल्लेखित रकम मौज्दात रहेको पाइयो जसले गर्दा एकातर्फ नियमको परिपालना नगर्ने प्रचलनको बढोत्तरी हुने देखिन्छ भने अर्कोतर्फ आर्थिक वर्षभित्र योजना सम्पन्न नगर्ने प्रबृत्तिको विकास हुने देखिन्छ अत: आन्तरीक लेखापरीक्षण गर्न बांकी रहेका गा.वि.स. हरुको आन्तरिक लेखापरीक्षण गरी मौज्दात यकिन गरी सो समेत उल्लेखित अनुसारको मौज्दात रहेको रु.१९,३४,३४९।– नियमानुसार फिर्ता दाखिला हुनुपर्दछ ।

**कार्यालयको जवाफ** – दाखिला गर्न लगाई सम्परीक्षण गराउने जनाएको छ ।

१८.४. **प्रोत्साहन भत्ता**: स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २५७ मा स्थानीय निकायका कर्मचारीले पाउने पारिश्रमीक, भत्ता तथा अन्य सुविधा निर्धारण गर्दा नेपाल सरकारको निजामती कर्मचारीले पाउने तलव, भत्ता र सुविधालाई आधार मान्नु पर्ने व्यवस्था छ । २०६५ जेठ १९ गते बसेको जिल्ला परिषद्ले कर्मचारीहरुलाई प्रचलित तलव स्केलको २० प्रतिशतका दरले स्थानीय भत्ता दिने २०६५ जेठ १६ को बोर्ड बैठकको निर्णयलाई अनुमोदन गरेको, २१ औं परिषद्को निर्णय नं. ९ परिषद् भत्ता वापत जि.वि.स.का कर्मचारीहरुलाई विगत वर्षहरुमा उपलब्ध गराए वरावरको सुविधा दिने तथा २०६९।४।१ को स्थानीय विकास अधिकारीको एकल वोर्डले अतिरिक्त समय काम गरेवापत थप सुविधा दिने निर्णयानुसार क्रमश: स्थानीय भत्ता रु.२५,८८,८४६।– परिषद भत्ता ६,३१,५००।– र अतिरिक्त समय भत्ता रु.५,९३,२३१।– समेत

रु.३८,१३,५९५।– खर्च लेखेको पाइयो । स्थानीय स्वायत्त शासन नियमावली विपरित तथा स्थानीय निकायमा निर्वाचित पदाधिकारी नभएको अवस्थामा परिषद्को अधिकार समेत प्रयोग गर्ने गरी एकल वोर्डको निर्णयका आधारमा खर्च लेख्नुनै यसको प्रमुख कारण देखिन्छ । जसले गर्दा एकातर्फ प्रचलित नियम विपरीत खर्च लेख्दै जाने प्रबृतिको विकास हुने देखिन्छ भने अर्कोतर्फ निर्णयका आधारमा बिभिन्न खर्च लेखिंदै जाने प्रचलनको विकास हुने देखिन्छ । अत: अत्यावश्यक कार्यमामात्र खर्चलेख्ने परीपाटीको विकास हुनु जरुरी छ ।

**कार्यालयको जवाफ** – जवाफ प्राप्त भएको छैन ।

१९. **आन्तरिक लेखापरीक्षण –** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२(१) मा जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाले गर्ने छ भन्ने उल्लेख छ । त्यस्तै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५७ अनुसूची ८० मा उल्लेख भएका जिल्लाको जिल्ला विकास समितिमा सहायक स्तर र अन्य जिल्लामा अधिकृत स्तरको कर्मचारी प्रमुख र आवश्यकता अनुसार सहायक कर्मचारी सहितको आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नु पर्ने व्यवस्था रहेको देखिन्छ । यसैको आधारमा आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आ.ले.प. अधिकृत समेत २ जना कर्मचारी दरवन्दी रहेकोमा आ.ले.प.अधिकृत १ जनाको मात्र पदपूर्ति भएको देखिन्छ । कार्यमूलक लेखापरिक्षणको सिलशिलामा गाउं विकास समितिको आन्तरिक लेखापरीक्षण स्थानीय विकास कोषको कर्मचारी समेतवाट गराएको पाईयो । आन्तरिक लेखापरीक्षण सम्बन्धमा निम्नानुसारका व्यहोरा देखियो ।

- जिल्ला विकास समिति अन्तर्गत विषयगत शाखा गा.वि.स.का आय-व्यय र धरौटीको श्रेस्ता मासिक रुपमा लेखापरीक्षण गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन ।
- गाँउ विकास समितिहरुको आन्तरीक लेखापरीक्षण समयमै सम्पन्न गरेको पाईएन ।
- गाँउ विकास समितिहरुको बेरुजु लगत राखि सम्परिक्षण गर्ने गरेको पाइएन ।

दरवन्दी अनुसार पदपूर्ति नहुनु, गा.वि.स.को आन्तरिक लेखापरीक्षण समेत जि.वि.स. कै लेखापरीक्षकवाट हुनेहुंदा कार्यबोझको कारणले समयममै आ.ले.प. गर्न नसक्नु, आ.ले.प.का कर्मचारीहरुलाई प्रभावकारी तालिमको व्यवस्था नहुनु जस्ता कारण रहेको देखिन्छ ।

नियमको प्रावधान अनुरुप मासिक रुपमा लेखापरीक्षण गर्ने, सो को प्रतिवेदन दिने र प्राप्त प्रतिवेदनको आधारमा भएका कमी कमजोरीलाई सुधार गर्ने तर्फ आन्तरीक लेखापरीक्षकको साथै सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ ।

**कार्यालयको जवाफ** – जवाफ प्राप्त भएको छैन ।

१९.१. **गाविसको न्यूनतमशर्त मूल्यांकन :–** तालुक निकायले गरेको निर्णयको कार्यान्वयन कार्यलयले गर्नुपर्दछ । स्थानीय शासन तथा सामदायिक विकास कार्यक्रम अन्तरगत गाविसको न्यूनतम शर्त मुल्यांकनका लागि कलष्टर नं.१० अन्तरगत भवनियांपुर, हिरमिनियां र उदयपुर गाविसको मूल्यांकनको लागि खटाइएका मुल्यांकनकर्ता श्री चित्रवहादुर वि.क.लाई मुल्यांकन वापत रु.१३,९७६।– भुक्तानी गरेकोमा स्थानीय निकाय वित्तिय आयोगको सचिवालयवाट गुणस्तर सुधार परीक्षण गर्दा हिरमिनियां गाविसको कार्यालय अनुर्तिण भएको तर मुल्यांकनकर्ताबाट उर्तिण गरेको देखाएकोले निजको पारीश्रमीकमा २०% रोक्का राख्न च.नं. २७७ बाट जिविसलाई पत्राचार भएकोमा निज मुल्यांकनकर्तालाई पुरैरकम भुक्तानी भैसेकेको कारण रोक्का नराखेको देखिंदा आन्तरीक लेखापरीक्षण प्रतिवेदनमा औंल्याए वमोजिम निजबाट रु.२,९९५।५० असुल हुनुपर्दछ ।

**कार्यालयको जवाफ** – जवाफ प्राप्त भएको छैन ।

१९.२. **आन्तरीक नियन्त्रण-** कार्यालयले आन्तरिक नियन्त्रण तथा व्यवस्थापनका लागि ऐन नियम कार्यविधि आदिमा व्यवस्था पालना गर्नुपर्नेमा निम्नानुसारको कार्य गरेको देखिएन ।

(क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम खरिद एवं निर्माण कार्यको बीमा गराउनुपर्नेमा गराउने गरेको पाइएन ।

(ख) सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम तालुक कार्यालयले निरिक्षण गरेको पाइएन ।

(ग) कार्यालयले उद्धेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको देखिएन ।

(घ) स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २०० मा जिल्ला विकास समितिले जिल्ला विकास योजना कार्यान्वयन गर्ने क्रममा योजनाको लक्ष्य, फाइदा पाउने जनसंख्या र फाइदाको किसिम, छनौट आयोजना नयां हो वा अधुरो हो, आयोजनाको लगत तथा समय, उपभोक्ताहरुबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत, श्रम र त्यस्तै योगदान, उपभोक्ताहरुबाट पछि उठ्न सक्ने शुल्क वा मर्मत संभार खर्च वा सञ्चालन व्यवस्था आदि कुरा समेत खुलाई आयोजनाको सम्भाव्यता अध्ययन गर्नु पर्ने व्यहोरा उल्लेख रहेकोमा सो बमोजिम संभाव्यता अध्ययन भएको अभिलेखबाट देखिएन ।

ङ) जि.वि.स. अनुदान तर्फ प्राप्त अख्तियारीको अधिनमा रहि खर्च शिर्षकहरुमा बजेट वांडफांड गरी खर्च गर्ने र सोही अनुसार प्रतिवेदन गर्नुपर्नेमा खर्च शिर्षक अनुसार परिषद्वाट बजेट बांडफांड गरेपनि सो अनुरुप शिर्षकगत खर्च खुल्ने गरी खर्च गरेको, अभिलेख राखेको तथा प्रतिवेदन दिएको छैन ।

आन्तरिक नियन्त्रणको लागि उपरोक्त व्यवस्था नमिलाउनुनै यसको मुख्य कारण रहेको देखिन्छ । यसबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीमा प्रभाव पर्दै कार्य सम्पादनको प्रभावकारीतामा असर पर्ने सम्भावना रहन्छ । अतः कार्यालयसंग सम्वन्धीत ऐन नियमका व्यवस्थालाई पालना गर्नु गराउनु पर्दछ ।

**कार्यालयको जवाफ** – जवाफ प्राप्त भएको छैन ।

२०. **तलव तथा कार्यसंचालन खर्च**

२०.१. **कर्मचारी दरवन्दी र पदपूर्तिः** कार्यालयले उपलब्ध गराएको कर्मचारी विवरण अनुसार बिभिन्न पदको ८३ दरवन्दी स्वीकृत रहेकोमा ६७ पदको पदपूर्ति भएको र १६ पद खाली रहेको पाइयो । स्वीकृत दरवन्दी अनुसार पदपूर्ति नहुंदा कार्यालयको दैनिक कार्यमा असर पर्ने एवम् सार्वजनिक सेवा प्रवाह चुस्त नहुने भएकोले स्वीकृत दरबन्दी अनुरुप पदपूर्ति हुनु पर्दछ ।

**कार्यालयको जवाफ** – पदपूर्ति हुने क्रम जारी रहेको जनाएको छ ।

२०.२. **तलवी प्रतिवेदन** :- निजामति सेवा ऐन २०४९ को दफा ७(ख)२ अनुसार जिल्ला स्थित सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरुको तलबी प्रतिवेदन कोष तथा लेखा नियन्त्रक कार्यालय र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५८(ञ) अनुसार स्थानीय निकाय अन्तरगतका कर्मचारीहरुको तलबी प्रतिवेदन आन्तरिक लेखापरिक्षण शाखाले पारित गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस बर्ष जिविस र जिल्ला प्राविधिक कार्यालय समेतका कर्मचारीहरुलई तलबी प्रतिवेदन पारित नगराई जिविस अनुदान चालुबाट खर्च लेखेको छ । ऐन नियममा भएको व्यवस्था अनुरुप सम्बन्धित निकायले तलबी प्रतिवेदन पारित गराउन चासो नदिनु र यो बिषय प्राथमिकतामा नपर्नु नै यसका कारण रहेका छन् । जसले गर्दा तलबमा भुक्तानी भएको रकम वास्तविक हो होईन र सम्बन्धित कर्मचारीले प्राप्त गर्ने तलब र ग्रेड रकमको यथार्थता पुष्टि गर्न सकिने आधार देखिदैन । अतः प्रत्येक कर्मचारीको तलब र ग्रेडको यथार्थ मूल्याङ्कन गरी तलब भुक्तानी दिनको लागि बार्षिक तलबी प्रतिवेदन पारित गर्न सम्बन्धित निकायको चासो हुनुपर्ने देखिन्छ ।

**कार्यालयको जवाफ** – तलवी प्रतिवेदन पारित गराएर मात्र खर्च लेख्ने जनाएको छ ।

२०.३. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ मा खर्च प्रमाणित हुने बिल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । जिविस अनुदान शिर्षकबाट कार्यालयले गाविस सचिव श्री हृदयनारायण मिश्रको तलव वापत रु.१,७२,८२०।– खर्च लेखेकोमा भरपाई संलग्न भएको नदेखिएकोले सम्वन्धितलाई वुझाई सोको प्रमाण पेश हुनुपर्दछ ।

**कार्यालयको जवाफ** – रकम बुझाई सम्परीक्षणको लागि पेश गरिने जनाएको छ ।

२०.४. **सवारी इन्धन खर्चः** जि.वि.स. अनुदान शिर्षकको बजेट खर्च गर्ने अख्तियारी साथ प्राप्त निर्देशन अनुसार कार्यालयले बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा शिर्षकगत वांडफांडको सिमाभित्र रही खर्च गर्नुपर्ने निर्देशन छ। त्यस्तै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६०(१) वमोजिम अनुसूची ४५ को ढांचामा सवारीको लागवुक राख्नुपर्ने व्यवस्था छ। आ.व.२०६९।७० को लागि २०६८।१२।७ को जिल्लो परिषद्ले स्वीकृत गरेको बार्षिक कार्यक्रम र विनियोजन रकम अन्तर्गत जि.वि.स.अनुदान चालु खर्च तर्फ ईन्धन प्रयोजनमा बजेट विनियोजन नगरेकोमा कार्यालयले बिभिन्न भौचर मितिवाट इन्धन वापत मयंक ट्रडिङलाई रु.८,८०,००५।– खर्च लखेको पाईयो भने अनुसूची ४५ को ढांचामा सवारी साधन गुडेको विवरण र प्रयोग तेलको परिमाण उल्लेख गरी लग सिट समेत राखेको पाईएन। परिषद्ले स्वीकृत नगरेको कार्यक्रममा बजेट खर्च गर्नुनै यसको कारण देखिन्छ। जसले गर्दा स्वीकृत कार्यक्रम भन्दा फरक कार्यमा खर्च गर्ने, खर्चको नियन्त्रण नभई बढी खर्च लेखिने सम्भावना रहन्छ। अतः स्वीकृत नभएको कार्यक्रम खर्च लेखेको रु.८,८०,००५।– नियमसम्मत् देखिएन।

**कार्यालयको जवाफ** – जिल्ला विकास बोर्डको निर्णय अनुसार कार्यक्रम संशोधन गरी खर्च लेखेको जनाएको छ।

२०.५. **कर्मचारी कल्याण कोष-** स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६५ (१) मा कर्मचारी कल्याण कोषमा स्थानीय निकायले प्रत्येक वर्ष कम्तीमा आफ्नो कार्यालयलाई आवश्यक पर्ने एक महिनाको तलव वरावरको रकम जम्मा गर्नुपर्ने व्यवस्था छ। आ.ब. २०६८।६९ को परिषद्ले कार्यालयले मासिक तलव रु.३,७२,०००।– हाराहारीमा कल्याणकारी कोषमा रकम जम्मा गर्ने प्रस्ताव पेश गर्नुपर्नेमा १५ लाख प्रस्ताव पारित गरी जि.वि.स. अनुदानवाट रु. ५ लाख र जि.वि.स.कोष पूंजीगतवाट १५ लाख गरी २० लाख जम्मा गरेको पाईयो। नियममा स्पष्ट व्यवस्था नगरेको तथा आन्तरिक आय समेत उल्लेख्य रुपमा नवढेको अवस्थामा कल्याणकारी कोषमा बढी रकम राख्नुनै यसको प्रमुख कारण देखिन्छ। आन्तरिक आयको अनुपातमा प्रशासनिक खर्च वढ्ने तथा प्रचलित नियम, कानूनको पालना नगर्ने प्रबृत्तिको विकास हुने अवस्था रहन्छ। यसर्थ प्रशासनिक खर्चलाई सिमाभित्र राख्न नियममा स्पष्ट व्यवस्था गरेरमात्र कल्याणकारी कोषमा रकम विनियोजन हुनुपर्दछ।

**कार्यालयको जवाफ** – जवाफ प्राप्त भएको छैन।

२०.६. **परिषद् भत्तामा कर–** आयकर ऐन २०५८ को दफा ८७(१) मा प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसूची-१ बमोजिमको दरले हुने कर कट्टी गर्नु पर्ने उल्लेख छ। जिल्ला विकास समितिको कार्यालयले निम्न कर्मचारीहरुलाई २१ औं र २२ औं परिषद्मा परिषद भत्ता वापत १ महिनाको तलव बरावर उपलव्ध गराएकोमा सो भत्ता कर्मचारीको कूल आम्दानीमा नजोडी तथा अग्रिम कर कट्टी समेत नगरी भुक्तानी गरेको पाईयो।

| सि. नं. | कर्मचारीको नाम पद | २१ औं परिषदको भत्ता रकम | २२ औं परिषदको भत्ता रकम | जम्मा रकम | १५ प्रतिशतले असूल हुनुपर्ने रकम |
|---|---|---|---|---|---|
| १ | स्था.वि.अ. विश्वराज डोटेल | २००००/- | २००००/- | ४०००० | ६००० |
| २. | पुष्पराज श्रेष्ठ | १४०००/- | १४०००/- | २८००० | ४२०० |
| ३. | खरिदार विष्णु प्रसाद शर्मा | १३०००/- | १३०००/- | २६००० | ३९०० |
| ४. | चिरिञ्जिवी पाण्डे | १००००/- | १००००/- | २०००० | ३००० |
| ५. | कञ्चन श्रेष्ठ | ९५००/- | ९५००/- | १९००० | २८५० |
| ६. | विष्णु प्रसाद शर्मा | ० | १३०००/- | १३००० | १९५० |
| | **जम्मा:** | | | **१४६०००** | **२१९००/-** |

कार्यालयले भुक्तानीमा कर कट्टा नगर्नुमा ऐनको व्यवस्थाको पालना नहुनु नै प्रमुख कारण रहेको छ। जसले गर्दा कर तिर्नुपर्ने दायित्व भएको रोजगारवाला व्यक्ति उक्त दायित्वबाट पन्छिने र सरकारलाई प्राप्त हुनुपर्ने राजश्व कम उठने अवस्था सृजना हुन्छ। अतः उल्लेखित कर रु.२१,९००।– सम्बन्धित कर्मचारीबाट असुल गरी दाखिला गर्नुपर्दछ।

**कार्यालयको जवाफ** – रकम जम्मा गरी सम्परीक्षण गराउने जनाएको छैन ।

## २१. विशेष कार्यक्रमको कार्यान्वयन

२१.१. **कार्यक्रम संचालन :-** स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६३ (पहिलो संशोधन, २०६६) को बुंदा नं. ७.२ मा बार्षिक आवधिक कार्ययोजनाको बित्तिय व्यवस्थापन गर्दा आवश्यक पर्ने कूल बजेटको ७० प्रतिशत केन्द्रिय अनुदान, न्यूनतम २० प्रतिशत उपभोक्ताद्वारा जनसहभागिता र १० प्रतिशत जिल्ला विकास समितिको लागत सहभागितामा हुनुपर्ने उल्लेख छ । तर यसवर्ष कार्यालयवाट संचालित निम्नानुसारका योजनाहरुमा केवल केन्द्रिय अनुदानबाट शिलवन्दी दरभाउपत्रवाट संचालन गरेको पाइयो । जसका केहीउदाहरण निम्नानुसार छन् :-

| क.सं. | योजनाको नाम | लागत अनुमान | केन्द्रिय अनुदान खर्च | कैफियत | कैफियत |
|---|---|---|---|---|---|
| १. | कम्दी कचनापुर सडक ग्राभेल कार्य | १४५१४७४.६५ | १४४१४००/२८ | शिलवन्दी दरभाउपत्रवाट | चालु कार्यक्रम |
| २. | पशुपति प्रतिक्षालय देखि राष्ट्रिय अनुसन्धान सडक मार्ग | ८४४५८४/७४ | ८३१८१५/१२ | ,, | |
| ३. | गुलरिया सडक देखि सोनपुर ३,४ हुंदै रनियापुर सडक | १९५३७२३/९५ | १३८९४१६.७६ | ,, | पूंजीगत |

कार्यविधिको व्यवस्थाको पालना गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान नजानु, योजनामा उपभोक्ता, तथा स्थानीय निकायको लागत सहभागिता नजुटाई योजना संचालन गराउनुनै प्रमुख कारण रहेका छन् । जसले गर्दा योजनामा सरकारले मात्र लगानी गर्नुपर्दछ भन्ने भावनाको विकास हुने, योजना प्रति सम्बन्धित उपभोक्ताको माया नजाग्ने एवम् त्यसको मर्मत संभार एवम् संरक्षणमा समेत नकारात्मक असर पर्ने संभावना रहन्छ । अतः कार्यविधि अनुसार योजना प्रति सम्बन्धित उपभोक्ताको अपनत्वको भावना विकास गराउन उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गराई योजना हाम्रो हो यसको मर्मत संभार, संरक्षण हामीले गर्नुपर्दछ भन्ने भावना उपभोक्तामा विकसित गराउनको लागि कार्यविधिले तोके अनुसार योजनाको कार्यान्वयन गर्न सम्बन्धित निकायको ध्यान जानु जरुरी छ ।

**कार्यालयको जवाफ** – उपभोक्ता समूहबाट हुन नसकेका योजनाहरु ठेक्का पट्टाबाट गराएको जनाएको छ ।

### २१.२. सामाजिक सुरक्षा

२१.२.१. **अभिलेख तथा अनुसूची :** सामाजिक सुरक्षा भत्ता पाउने जेष्ठ नागरीक, एकल महिला, पूर्ण तथा अपाङ्ग दलित बालबालिकाको अभिलेख तथा अनुसूचीहरु प्रत्येक वर्ष अद्यावधिक गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता कार्यविधिमा उल्लेख छ । यस जिल्लाभित्रका ४६ गा.वि.स. र १ नगरपालिकावाट लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार २९,४०७ जना भत्ता प्राप्त गर्ने व्यक्ति रहेको र उक्त संख्या २०६८ को जनगणना अनुसार जिल्लाको कूल जनसंख्या ४,९१,३१३ को ५.९८ प्रतिशत हुने देखिन्छ ।

२१.२.२. **समन्वय समिति** : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६९ को दफा ८ मा कार्यविधि वमोजिम नयाँ परिचय पत्रका लागि प्राप्त हुन आएका दरखास्त उपर छानविन गरी परिचयपत्र प्रदान गनको लागि सिफारिस गर्न तथा सामाजिक सुरक्षा कार्यक्रमको रकम प्रवाहको स्थानीयस्तरमा अनुगमन गर्न स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन हुने व्यवस्था छ । कार्यमूलक लेखापरीक्षणको क्रममा यस जिल्लाका नमूना छनौट भई परीक्षण गरेका १ नगरपालिका र ९ वटा गा.वि.स. यस्तो समिति गठन गरेको पाईएन । गा.वि.स. तथा नगरपालिकाले कार्यविधिमा तोके अनुसारको समिति गठन गर्न तत्परता नदेखाउनु र कार्यविधिको पालना गराउन जिल्ला विकास समितिले गा.वि.स. हरुलाई निर्देशन दिने तथा त्यसको अनुगमन नहुनुनै प्रमुख कारण रहेको छ । जसले गर्दा सामाजिक सुरक्षा भत्ता पाउनेको अभिलेख यथार्थपरक नहुने र वास्तविक भन्दा अन्यको नामसमेटी राखेर मृत्यु भएकाको नाउमा समेत भत्ता भुक्तानी हुन सक्ने देखिन्छ । सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधिले तोकेका अभिलेखहरु यथार्थपरक वनाउन, भत्ता वितरणको अनुगमनको आन्तरिक नियन्त्रणलाई प्रभावकारी वनाउन कार्यविधिले तोके वमोजिमको समिति गठन गर्न गराउन, गा.वि.स., न.पा. र जि.वि.स. को ध्यान जानुपर्छ ।

**कार्यालयको जवाफ** – आगामी वर्षदेखि यस कार्यलाई प्रभावकारी बनाइने जनाएको छ ।

२२. **लेखापरीक्षकको राय** – हाम्रो रायमा लेखापरीक्षणबाट देखिएका उपरोक्त व्यहोराले वित्तीय विवरणमा सारभूत रुपमा असर पार्ने बाहेक जिल्ला विकास समितिको कार्यालय, बाँकेको वित्तीय विवरणले ३१ आषाढ २०७० को आर्थिक स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजाले नेपाल सरकार र स्थानीय निकायको लेखा पद्धति र नीति अनुसार सही र यथार्थ चित्रण गर्दछ ।

(बाबुराम गौतम)
नायव महालेखा परीक्षक

अनुसूची–१

# जिल्ला विकास समितिको कार्यालय बांके

## आ.ब.२०६९।७० को एकिकृत आय–व्यय विवरण

| आय तर्फ | | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|
| गत वर्षको रकम | विवरण | यस वर्ष | गत वर्ष | विवरण | यस वर्ष |
| ९१,५३३,६४८.०५ | गत सालको जिम्मेवारी | ज्ञज्ञ,द्द ण द्द ,ढ ढछ/ड ज्ञ | १४८,७४४,६७८.०० | अनुदान खर्च | ज्ञद्द द्द ,घड छ,द्ध ढण /ण ण |
| १४८,७४४,६७८.०० | नेपाल सरकारको अनुदान | ज्ञद्द द्द ,घड छ,द्ध ढण /ण ण | ४९,२३४,६७८.०० | जि.वि.स.अनुदान | ढढ ,ण ण ण ,ण ण ण /ण ण |
| ४९,२३४,६७८.०० | जि.वि.स.अनुदान | ढढ ,ण ण ण ,ण ण ण /ण ण | ९९,५१०,०००.०० | गा.वि.स. अनुदान | छघ,घड छ,द्ध ढण /ण ण |
| ९९,५१०,०००.०० | गा.वि.स. अनुदान | छघ,घड छ,द्ध ढण /ण ण | | | |
| | | | ७३,२२०,३३८.८२ | अन्य खर्च | छद्द ,घज्ञड ,द्द द्धड /द्धण |
| ८७,५२२,५११.७३ | आन्तरिक स्रोत | द्धछ,द्द ढड ,ड ढ ड /ज्ञछ | ३,३१८,५२४.२२ | धरौटी खर्च | ज्ञढ,छण द्ध,घद्धड /ढड |
| ३६०४७९३४.७४ | (क) कर, दस्तुर, सेवा शुल्क र भाडा रु. | घज्ञ,द्धठघ,ड घज्ञ/ज्ञढ | १०७,४७७,१२८.५५ | मौज्दात | ज्ञद्द ज्ञ,ड ज्ञद्ध ,ण ढढ /द्धढ |
| ४५१५८९०३.५५ | (ख) राजश्व बाँडफाँड रु. | ज्ञघ,ठढ छ,ण ढढ/ढ ढ | | | |
| ६,३०८,४४२.९१ | अन्य श्रोतको आम्दानी | ज्ञघ,ज्ञछद्ध ,ढ ढण /ज्ञद्द | | ट्रान्सफर खर्च (आन्तरीक श्रोत र राजश्व बांडफांड) | घछ,ण ज्ञण ,ढ ढ ज्ञ/ण ण |
| ७,२३०.५३ | भारतीय सहयोग | छ,ण छठ/द्धढ | | | |
| ४,९५९,८३१.८१ | धरौटी | द्द ज्ञ,ण ण द्ध ,ठछछ/ण ण | | | |
| १९८,६५१,९५२.०० | ट्रान्सफर आम्दानी (आन्तरीक श्रोत र राजश्व बांडफांड) | घछ,ण ज्ञण ,ढ ढ ज्ञ/ण ण | | | |
| | केन्द्रिय शिर्षक तर्फ | द्द ड ढ,द्धढ द्द ,ज्ञघढ /ण ण | १९८६५१९५२ | केन्द्रिय शिर्षक तर्फ | द्द ड ढ,द्धढ द्द ,ज्ञघढ /ण ण |
| ५३१,४१२,६२१.५९ | जम्मा | ढघद्ध ,छद्द छ,द्द छढ/छठ | ५३१,४१२,६२१.५९ | जम्मा | ढघद्ध ,छद्द छ,द्द छढ/छठ |

# *जिल्ला विकास समितिको कार्यालय, बांके*

## *कोष तर्फको आ.व. २०६९/७० को आय व्यय विवरण*

| सि.नं. | शिर्षक | गत मौज्दात | यस वर्षको आम्दानी | कूल आम्दानी | बजेट खर्च | मौज्दात | पेश्की बांकी |
|---|---|---|---|---|---|---|---|
| १ | गाविस अनुदान | - | ६९,०००,०००.०० | ६९,०००,०००.०० | ६९,०००,०००.०० | - | |
| २ | जिविस अनुदान | - | ५३,३८५,४६०.०० | ५३,३८५,४६०.०० | ५३,३८५,४६०.०० | - | ५०,००१.०० |
| ३ | आन्तरीक श्रोत विविध आम्दानी | १८,९६५,९८५.०२ | ३१,४७३,८३१.१९ | ५०,४३९,८१६.२१ | १९,५१०,९९१.०० | ३०,९२८,८२५.२१ | |
| ४ | राजश्व बांडफांड आम्दानी | ६४,३१६,०२७.५२ | १३,७९५,०६६.९६ | ७८,१११,०९४.४८ | १५,५००,०००.०० | ६२,६११,०९४.४८ | |
| ५ | आन्तरीक श्रोत विविध, चालु खर्च | ४१३,७८४.५३ | ६,८१२,३२१.२९ | ७,२२६,१०५.८२ | ६,०८७,२५४.३९ | १,१३८,८५१.४३ | ८,०००.०० |
| ६ | आन्तरीक श्रोत विविध, पूंजिगत खर्च | ५७९,५५२.९३ | १४,६११,६७९.०० | १५,१९१,२३१.९३ | १५,०८५,३३४.०० | १०५,८९७.९३ | ४५६,३५०.०० |
| ७ | राजश्व बांडफांड खर्च पूंजिगत | ५,७११,८०९.५४ | १५,५०१,५०५.०० | २१,२१३,३१४.५४ | २१,०१९,०७३.०० | १९४,२४१.५४ | १,५९३,८२१.०० |
| ८ | जनसहभागिता | २,५७१,६२५.८४ | २४,५८०.०० | २,५९६,२०५.८४ | २,५३२,४३३.०० | ६३,७७२.८४ | |
| ९ | सडक बोर्ड | ८९१,२५३.८२ | ६,५४८,५५०.०० | ७,४३९,८०३.८२ | ४,३४६,१६२.०० | ३,०९३,६४१.८२ | १४४,०००.०० |
| १० | जेसी | १००,०००.०० | ४३२,०००.०० | ५३२,०००.०० | ५३१,८०७.०० | १९३.०० | |
| ११ | वन तथा वातावरण कोष | २००,०००.०० | - | २००,०००.०० | - | २००,०००.०० | |
| १२ | महिला तथा वालवालिका कोष | २००,०००.०० | - | २००,०००.०० | - | २००,०००.०० | |
| १३ | स्थानीय विकास विशेष कोष | १००,०००.०० | - | १००,०००.०० | - | १००,०००.०० | |
| १४ | गरीवी निवारण विशेष कोष | ६००,०००.०० | - | ६००,०००.०० | ५००,०००.०० | १००,०००.०० | |
| १५ | जि.आई.जेड | - | १,१३५,५८७.०० | १,१३५,५८७.०० | १,१०६,२२२.०० | २९,३६५.०० | ६०,०००.०० |
| १६ | लघु उद्यम | १२,६४४.०० | ७३,८२५.०० | ८६,४६९.०० | २०,०००.०० | ६६,४६९.०० | |
| १७ | कर्मचारी कल्याण कोष | ४,०५८,३२०.५९ | ३,०४८,३१०.९४ | ७,१०६,६३१.५३ | १,३५५,७१९.०१ | ५,७५०,९१२.५२ | १,३५५,६१९.०० |
| १८ | सडक मर्मत संभार कोष | ४,५१३,७०३.३० | ७८८,०००.०० | ५,३०१,७०३.३० | ४८५,०००.०० | ४,८१६,७०३.३० | |
| १९ | गैसस | ८२१,५१६.९९ | १,१२५.०० | ८२२,६४१.९९ | २५,१५०.०० | ७९७,४९१.९९ | |
| २० | मानव संसाधन | १५३,७१८.४९ | ४५०.०० | १५४,१६८.४९ | १३९,०१०.०० | १५,१५८.४९ | |
| २१ | वैकल्पीक ऊर्जा तथा वातावरण | - | ८२५,९९७.८९ | ८२५,९९७.८९ | ७१३,९३४.०० | ११२,०६३.८९ | ३२,९००.०० |
| २२ | दैवी प्रकोप खाता | ८०,०००.०० | २००,०००.०० | २८०,०००.०० | २०७,०००.०० | ७३,०००.०० | |
| २३ | धरौटी | ६,४७५,७७२.९५ | २१,००४,७५५.०० | २७,४८०,५२७.९५ | १६,५०४,३४८.६८ | १०,९७६,१७९.२७ | |
| २४ | सर्तकता केन्द्र | - | ६०,०००.०० | ६०,०००.०० | ६०,०००.०० | - | |
| २५ | संस्कृति मन्त्रालय | १००,०००.०० | - | १००,०००.०० | - | १००,०००.०० | |
| २६ | भारतीय सहयोग | १८५,१५०.२९ | ५,०५७.४९ | १९०,२०७.७८ | - | १९०,२०७.७८ | |
| २७ | प्राविधिक शिक्षा ( जि.शि.का.बांके) | १५०,०००.०० | - | १५०,०००.०० | - | १५०,०००.०० | |
| | जम्मा | १११,२००,८६५.८१ | २३८,७२८,१०१.७६ | ३४९,९२८,९६७.५७ | २२८,११४,८९८.०८ | १२१,८१४,०६९.४९ | ३,७००,६९१.०० |

## जिल्ला विकास समितिको कार्यालय बांके
## आ.ब. २०६९।७० को केन्द्रतर्फको कारोवारको स्थिति

### क) विनियोजन तर्फ

| सि.नं. | वजेट उप शिर्षक नं. | कार्यक्रमको नाम | बजेट | निकासा | खर्च | खर्च मध्ये वैदेशिक श्रोत | पेश्की बांकी |
|---|---|---|---|---|---|---|---|
| १ | ३६५१०६३ | उपेक्षित, उर्तिपिडित र दलित वर्ग उत्थान | २४२,६००.०० | २४२,६००.०० | २४२,६००.०० | | - |
| २ | ३६५०१५३ | सामाजिक सुरक्षा अनुदान | १५३,६१९,२००.०० | १५१,३४७,७७१.०० | १५१,३४७,७७१.०० | | ७९,३७७,८५०.०० |
| ३ | ३६५८०८३ | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | ३,५००,०००.०० | ३,४८२,३३५.०० | ३,४८२,३३५.०० | | - |
| ४ | ३६५०१६३ | स्थानीय पूर्वाधार विकास | ८००,०००.०० | ४४६,११४.०० | ४४६,११४.०० | | - |
| ५ | ३६५१०८३ | मधेशी–पिछडावर्ग र मुस्लिम उत्थान | १,३००,०००.०० | १,२९९,९९२.०० | १,२९९,९९२.०० | | २००,०००.०० |
| ६ | ३६५८३१३ | स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुंच सुधार परियोजना | ७,०००,०००.०० | ७,०००,०००.०० | ७,०००,०००.०० | | - |
| ७ | ३६५८०९३ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | ४,५००,०००.०० | १,६९६,३६७.०० | १,६९६,३६७.०० | | ३९५,४०४.०० |
| ८ | ३६५८०४३ | ग्रामीण खानेपानी तथा स.स.कार्यक्रम | २,५००,०००.०० | २,५००,०००.०० | २,५००,०००.०० | | - |
| ९ | ३६५८१९३ | स्थानीय शासन तथा सामुदायिक विकास | २२,१७२,७०२.०० | २१,९५८,१७६.०० | २१,९५८,१७६.०० | २१,९५८,१७६.०० | ९४१,४००.०० |
| १० | ३६५८१४३ | ग्रामीण पहुंच सुधार तथा विकेन्द्रीकरण | १०३,७५९,०००.०० | ८६,८२१,८०३.०० | ८६,८२१,८०३.०० | ७६,७२१,८०३.०० | ८७०,०००.०० |
| ११ | ३६५८१२३ | जनसहभागितामा आधिरित विकास कार्यक्रम | २,०००,०००.०० | १,०००,०००.०० | १,०००,०००.०० | | - |
| १२ | ३६५८३६३ | पिछडिएको तराई–मधेश विशेष कार्यक्रम (कोहलपुर स्मृति भवन) | ४,०००,०००.०० | २,९७६,१४६.०० | २,९७६,१४६.०० | | - |
| १३ | ३६५१०१३ | गुम्वा व्यवस्थापन तथा विकास समिति | ५०,०००.०० | ५०,०००.०० | ५०,०००.०० | | - |
| १४ | ३४३१०१ | युवा तथा खेलकुद मन्त्रालय | ६१२,०००.०० | ५९४,१९४.०० | ५९४,१९४.०० | | - |
| १५ | ३०८१०९३ | रोयल्टी व्यवस्थापन तथा वितरण | १,१९७,०००.०० | १,१९७,०००.०० | १,१९७,०००.०० | | - |
| १६ | ३४९८०२४ | शान्ति तथा पुननिर्माण मन्त्रालय | ३,१५०,०००.०० | २,१६५,७३८.०० | २,१६५,७३८.०० | | - |
| १७ | ३६५८०८४ | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | १,५००,०००.०० | १,४१३,९०३.०० | १,४१३,९०३.०० | | - |
| १८ | ३६५८१४४ | ग्रामीण पहुंच सुधार तथा विकेन्द्रीकरण | ३००,०००.०० | ३००,०००.०० | ३००,०००.०० | | - |
| जम्मा: | | | ३१२,२०२,५०२.०० | २८६,४९२,१३९.०० | २८६,४९२,१३९.०० | ९८,६७९,९७९.०० | ८१,७८४,६५४.०० |